तातो हावा "लू"बाट जोगिने उपाय
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily .com

जनहितमा जारी सन्देश
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार १२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 26 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २९४

## महानगरले १८ महीनामा जथाभावी फोहर फाल्नेलाई कारबाई गरी ३६ लाख राजस्व उठायो

प्रस, वीरगंज, ११ असार/

वीरगंज महानगरपालिका कार्यालयले डेढ वर्षमा जथाभावी फोहर फाल्ने ५९४ जनाबाट रु ३६ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ।





वीरगंज महानगरका सरसफाइ महाशाखाका प्रमुख सर्फुद्दीन मियाँले १८ महीनामा जथाभावी फोहर फाल्नेहरूबाट रु ३६ लाख जरिवाना असुल गरिएको बताए । उनले जथाभावी फोहर फाल्नेहरूलाई निगरानीमा राख्न बिहान चार घण्टा, दिउँसो आठ घण्टा र राति चार घण्टा गरी तीन शिफ्टमा मानिसहरू खटिरहेका र तोकिएको ठाउँबाहेक अन्त फोहर फाल्नेहरूलाई कारबाई भइरहेको बताए । उनले शुरूमा रु पाँच सयबाट जरिवाना शुरू गरिएको र पछिल्लो समयमा न्यूनतम रु पाँच हजार असुलउपर गरिरहेको बताए । मानिस र प्रकृति हेरेर दण्ड जरिवाना हुने गरेको उनले बताए। उनले जथाभावी फोहर फाल्नेहरूलाई कारबाई गरिएकै कारण महानगरमा सफाइ कार्य चुस्तदुरुस्त भएको दाबी गरे ।

उनले पछिल्लो समयमा मेडिकल फोहर जथाभावी फालेबापत असार ९ गते वीरगंज–४ बिर्तास्थित मेडिकल भेललाई रु ५० हजार जरिवाना गरिएको बताए। जथाभावी फोहर फाल्नेलाई पाँच हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने प्रावधान रहेको र हालको समयमा फोहर फाल्ने जोसुकैलाई पनि जरिवानाको दायरामा ल्याउने कार्य भएपछि सफाइ कार्यमा सुधार आएको प्रमुख मियाँले बताए ।

वीरगंज महानगरपालिकाले विगत केही वर्षदेखि मुख्य सडक, सहायक सडकको फोहर ठेक्काबाट सङ्कलन गरिरहेको छ । ठेक्काबाहेकका क्षेत्रमा महानगरको सरसफाइ शाखाले फोहर सङ्कलन गर्दै आएको छ।

नारायणी अस्पताल, वीरगंज कारागार, भारतीय महावाणिज्य दूतावास, जिल्ला र उच्च अदालत तथा नाला कटान गरी भएका फोहरलाई महानगरले सङ्कलन गर्दै आएको सरसफाइ प्रमुख मियाँले बताए । उनले मेडिकल फोहर सङ्कलनका लागि बिहानदेखि साँझसम्म दुईवटा ट्याक्टर र सोबाहेक अन्य फोहर सङ्कलनको लागि ११ वटा ट्याक्टर र जनशक्ति परिचालन भइरहेको बताएका छन्।

## वीरगंजमा कालाजारको बिरामी भेटियो

प्रस, वीरगंज, ११ असार/

स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत जयमोद ठाकुरले वीरगंज महानगरमा पाँच वर्षपछि कालाजारको बिरामी भेटिएको बताएका छन्।

डेङ्गु, मलेरिया, कालाजार, जिका, इन्सेफ्लाइटिसलाई बायोलार्भिक साइटिसद्वारा नियन्त्रणबारे स्वास्थ्य स्वयंसेविकाहरूसँगको अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य अधिकृत ठाकुरले उक्त जानकारी दिएका हुन्।

वीरगंज महानगरको शिक्षा तालीम विकास केन्द्रमा आयोजित कार्यक्रममा उनले कालाजारको बिरामी वीरगंज–९ मा देखा परेको र सो सम्बन्धमा विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिलगायतका व्यक्तिहरू अनुसन्धानको लागि आउन लागेको बताए । उनले स्वास्थ्य स्वयंसेविकाहरूलाई कालाजारको बिरामी भएको क्षेत्रदेखि सय मिटरवरिपरिका मानिसहरूलाई निगरानी गर्न आग्रह गरे।

कालाजार चाँडै सर्ने हुँदा यसको नियन्त्रणको लागि सो अवधिमा सय मिटरवरिपरिका मानिसहरूलाई ज्वरो लाग्नेजस्ता लक्षणहरू देखिए सूचित गर्न आग्रह गरे । उनले हाल तीन महीना अवधिमा पर्सा जिल्लामा नौजना डेङ्गुका बिरामी देखिएका र त्यसमा सातजना महानगरपालिकाको रहेको बताए । एकजना ठोरी र एकजना विन्ध्यवासिनी गाउँपालिकाको भएको खोप अधिकृत ठाकुरले बताए।


तस्वीरः प्रतीक

उनले पानी पर्न शुरू भएको र यो मौसममा लामखुट्टे बढेर डेङ्गु, मलेरिया, कालाजार, जिका, इन्सेफ्लाइटिसजस्ता रोगहरू हुन सक्ने हुँदा समयमा सचेत हुनुपर्ने बताए। वीरगंज महानगरपालिका स्वास्थ्य शाखाका अधिकृत सुमनचन्द्र ठाकुरले लामखुट्टेबाट हुने रोग नियन्त्रणका लागि १ नं वडादेखि १६ सम्म बायोलार्भिक साइटसको प्रयोग भइरहेको र त्यसमा स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका प्रभावकारी हुने बताए । उनले आफ्ना टोलमा स्थिर पानी भएको ठाउँ पहिचान गरेर स्प्रे गर्न लगाउन सुझाए । उनले स्वयंसेविकाहरूलाई असार १२–१४ गतेसम्म तीन दिन यस कार्यमा खट्न आग्रह गरे। गत वर्ष सरह यो वर्ष पनि स्वयंसेविकाहरूलाई परिचालन गरेर लामखुट्टेबाट हुने रोग नियन्त्रणका प्रयासहरू शुरू भएको उनले बताए ।

महानगरका १ देखि १६ नं वडासम्म सबैभन्दा बढी संवेदनशील क्षेत्र भएकोले पहिलो प्राथमिकतामा राखेर अभियान शुरू गरिएको उनले जानकारी गराए ।

कार्यक्रममा स्वास्थ्य शाखाका प्रमुख डा मुक्तिनारायण साह, नेपाल पत्रकार महासङ्घ, पर्साका पूर्वअध्यक्ष शत्रुघ्न नेपाल, वीरगंज महानगरका सरसफाइ अधिकृत सर्फुद्दीन मियाँ, स्वयंसेविका सङ्घकी अध्यक्ष शर्मिला न्यौपानेले मन्तव्य व्यक्त गरेका थिए।

## गर्भपतनसम्बन्धी दुई दिने अभिमुखीकरण

प्रस, परवानीपुर, ११ असार/

स्वास्थ्य कार्यालय पर्साको आयोजनामा गर्भपतनसम्बन्धी मूल्य, मान्यता र व्यवहार परिवर्तन (भिक्याट) सम्बन्धी दुई दिने अभिमुखीकरण गोष्ठी वीरगंजमा शुरू भएको छ । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजको अडिटोरियममा आयोजित गोष्ठीमा पर्साका १४ वटा पालिकाका स्वास्थ्य शाखा प्रमुख एवं विभिन्न स्वास्थ्य संस्थाका प्रमुखहरूको सहभागिता छ।


तस्वीरः प्रतीक



सुरक्षित गर्भपतनको बारेमा चेतना नहुँदा महिलाहरू समयमैं सुरक्षित गर्भपतन गराउनबाट वञ्चित भइरहेकाले गोष्ठी आयोजना गरिएको स्वास्थ्य कार्यालय, पर्साले जनाएको छ।

गोष्ठीमा स्वास्थ्य कार्यालय, पर्साका प्रमुख डा मुक्तिनारायण साहले अवैध गर्भपतनलाई रोकी वैधानिक गर्भपतनतर्फ सर्वसाधारणलाई आकर्षित गराउन स्वास्थ्यकर्मीहरूको भूमिका अहम् हुनुपर्नेमा जोड दिए।

उनले विगतका केही वर्षको जन्मदरको तथ्याङ्क हेर्दा सयजना बालिकाको जन्म भइरहेकामा बालकको जन्म सोभन्दा बढी अर्थात् १२० सम्म भइरहेकाले बालिकाको भ्रूण हत्या गरी बालक मात्रै जन्माउन पनि गर्भपतन भइरहेकाले यसप्रति सचेत हुन स्वास्थ्यकर्मीहरूलाई आग्रह गरे।

कतिपय महिला अनुमति पाएका स्वास्थ्य संस्थामा नगई आफूखुसी गर्भपतनको औषधि खाएर बच्चा र आमाको ज्यान जोखिममा पार्ने हुँदा पनि गर्भपतन सेवाबारे चौतर्फी छलफलको विषय बनाउनुपर्ने उनले बताए । उनले पैसाको लोभमा कतिपय चिकित्सक र स्वास्थ्यकर्मीले गोप्यरूपमा अवैधानिक गर्भपतन गराउने गरेको गुनासो आएकाले यस्तो आपराधिक गतिविधिमा संलग्न नहुन सुझाव दिए।

डा साहको अध्यक्षता एवं स्वास्थ्य कार्यालय पर्साकी पब्लिक हेल्थ नर्स मीरा यादवको सहजीकरणमा शुरू भएको गोष्ठीमा नारायणी अस्पताल वीरगंजकी अस्पताल नर्सिङ निरीक्षक रिङ्कु साह, पोखरिया अस्पतालकी अस्पताल नर्सिङ निरीक्षक खुश्बु मिश्र, प्रसूतिरोग विशेषज्ञ डा मञ्जु रायलगायतले प्रशिक्षण दिइरहेका छन्।

## उपाध्यक्षद्वारा गापा कार्यालयमा तालाबन्दी

प्रस, पोखरिया, ११ असार/

पकाहामैनपुर गाउँपालिकाकी उपाध्यक्ष सर्फु नेशाको नेतृत्वमा मङ्गलवार गापा कार्यालयमा तालाबन्दी गरिएको छ।

गापा अध्यक्ष सुरेश प्रसादले सोमवार गाउँ कार्यपालिकाको बैठकबाट निर्णय नगराएर अल्पमतमा गाउँसभा गरेको विरोधमा आज उपाध्यक्षको नेतृत्वमा तालाबन्दी गरिएको हो । उपाध्यक्ष नेशासहित वडाध्यक्ष, सदस्य गरी २१ जनाले हस्ताक्षर गरी गापा कार्यालयमा तालाबन्दी गरेका थिए। उनीहरूले चालू आवको आय–व्यय सार्वजनिक गर्नुपर्ने, कार्यपालिकाको निर्णय गरेर मात्र गाउँसभा गर्नुपर्ने र हिजो अल्पमतको आधारमा गरिएको गाउँसभा रद्द गर्नुपर्ने माग राखेका छन्।


तस्वीरः प्रतीक

गापा अध्यक्ष सुरेश प्रसादले असार १० गतेसम्म गाउँसभा गर्नुपर्ने दायित्व भएकोले नीति तथा कार्यक्रम मात्र पारित भएको बताए। उनले यसका लागि बहुमत सदस्य आवश्यक नभएको जिकिर गरे। गाउँसभा भएपनि बजेट ल्याइएको छैन र सबैसँग सहकार्य गरेर मात्र बजेट ल्याउने बताए।

## सखुवाप्रसौनीको गाउँसभा सम्पन्न

प्रस, पंचगावाँ, ११ असार/

सखुवाप्रसौनी गाउँपालिकाको सोमवार बसेको १३औं गाउँसभाले आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट पारित गरेको छ।



तस्वीरः प्रतीक

गापा उपाध्यक्ष शर्मिला विष्टले आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनलाई गापाले प्राथमिकतामा राखेको बताइन् । उनले कुल सशर्त अनुदान २१ करोड ६२ लाख ४२ हजार, समपूरक अनुदान एक करोड ५० लाख, आन्तरिक स्रोत ९० लाख १४ हजार ४५६, कुल वित्तीय समानीकरण ११ करोड ८९ लाख दुई हजार र राजस्व बाँडफाँटबाट १० करोड ९७ लाख प्राप्त हुने जानकारी गराइन्।

गापा अध्यक्ष यशवन्त यादवको अध्यक्षतामा भएको गाउँसभामा वडाध्यक्ष, सदस्य, कार्यपालिका सदस्य, राजनीतिक दलका प्रतिनिधिलगायतको सहभागिता थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजेशप्रसाद रौनियारले स्वागत गरेका थिए।

## यी पालिकाहरूबाट पनि राष्ट्रिय परिचयपत्र बन्दै

प्रस, वीरगंज, ११ असार/

जिल्ला प्रशासन कार्यालय, पर्सासँगै अन्य पाँचवटा पालिकाबाट राष्ट्रिय परिचयपत्र बनाउने कार्य भइरहेको छ। जिप्रका, पर्सासँगै पर्सागढी र बहुदरमाई

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**यदि तपाईं आफ्नो गलतीबाट सिक्नुहुन्छ भने गलती तपाईंको लागि भऱ्याङ हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# कमिशनको जादु

**पर्सा जिल्लाका १० वटा पालिकाले असार १० गतेभित्र नीति तथा कार्यक्रम र बजेट पारित गरेका छन् । सरकारले पालिकाहरूलाई असार १० गतेसम्मको सीमा निर्धारण गरेकोले पालिकाहरूले सोही अवधिलाई लक्षित गरेर नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका हुन् । चारवटा पालिकाले भने तोकिएको अवधिमा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न सकेनन् । कार्यपालिकाको बैठक गरेर असार १० गतेभित्र नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुपर्ने हुन्छ । तर कतिपय पालिकाहरूले कार्यपालिकाको बैठक नै नगरी यो कार्यक्रम सम्पन्न गरेका छन् भने कतिपयले बहुमत सदस्यहरूको सहभागिताविना हतारहतारमा सम्पन्न गरेका छन् । कार्यपालिकाको बैठक गरेर गाउँसभा नगरेको आरोपमा पर्सा जिल्लामा पकहामैनपुर गापाकी उपाध्यक्ष सर्फु नेशाको नेतृत्वमा बहुमत सदस्यहरूले गापा कार्यालयमा तालाबन्दी गरेका छन् । पोखरिया नपाकी उपप्रमुख रूबी ठाकुरले नीति तथा कार्यक्रम बनाउने जिम्मेवारी दिएको तर सोअनुरूपको वातावरण नबनाएको भन्दै नगरसभा बहिष्कार गरिन् । पर्सागढी नपामा दुई दिनसम्म नगरसभा बहुमतको अभावमा स्थगित भयो । तर तेस्रो दिन जादुयी तरीकाबाट सबैजनाको सहमतिमा सम्पन्न भयो ।**

**वीरगंज महानगरपालिकाले सम्भावित विपत्लाई ध्यानमा राखेर नगरसभाको अवधि तीन दिन राखेका थियो । तर संयोग असार ८ गते पहिलो दिनमैं सर्वसम्मतबाट नगरसभाले नीति तथा कार्यक्रम र बजेट पारित गऱ्यो । असारमा हुने वार्षिक सभा र पुसमा गरिने अर्धवार्षिक समीक्षाका बखतमा मात्रै कार्यपालिका सदस्यहरूको चलखेल हुने गरेको छ । दुवै समयमा कार्यपालिका सदस्यहरूको आवश्यकता पर्ने र उनीहरूकै बहुमतका आधारमा पालिकाहरूले नीति तथा कार्यक्रम र बजेट पारित गर्न सक्ने अनि अर्धवार्षिक समीक्षामा बजेट थपघट अर्थात् संशोधन गर्न सकिने प्रावधान भएकोले यी दुई समयमा कार्यपालिका सदस्यहरू एकताबद्ध हुने गरेका छन् । त्यसपछि उनीहरूको खासै महत्त्व हुँदैन र पारित बजेट कार्यान्वयन गराउनका लागि प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको अघिपछि हुनुपर्ने बाध्यता रहन्छ । अघिपछि नगर्दा सम्बन्धित वडामा पारित बजेट अनुसारका योजनाहरू ढिला गरी जाने, गएका योजनाहरूको भुक्तानी ढिला हुने यावत प्रकारका झन्झटहरूको सामना गर्नुपर्ने हुन्छ । महीनामा दुई दिन अधिकार खोज्ने र बाँकी दिन भएको अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था छ । यसो हुनुको प्रमुख कारण भने कमिशन नै हो ।**

**आआफ्नो वडाहरूमा पारित बजेट अनुसारको काम इमानदारीपूर्वक सम्पन्न गर्ने वडाध्यक्ष, सदस्यहरू दियो बालेर खोज्नुपर्ने अवस्था छ । सबैलाई कमिशन चाहिने हुँदा दुई दिन विरोध र बाँकी दिन पिछलग्गु बन्नुपर्ने अवस्था छ । आफ्नो वडामा आएका योजनाहरू इमानदारीका साथ सम्पन्न गराउने, तोकिएको मापदण्ड पूरा गराउने र कमिशनमा ऱ्याल नचुहाउने वडाध्यक्ष, सदस्य भएमा अहिलेको अवस्था सिर्जना हुँदैन थियो । यसैगरी, प्रमुख र उपप्रमुखहरूको अवस्था पनि समान छ । एकजनाले खाने र अर्कोले हेर्न नसक्ने भएकोले कमिशनको चक्कर सर्वत्र फैलिएको छ । यस्तो हुनुमा कर्मचारीहरूको भूमिका पनि छ । जनप्रतिनिधिहरू तलब, भत्ता र सुविधामा बढी ध्यान दिने हुँदा उनीहरूको सो आवश्यकता पूरा गर्दै आफ्नो दुनो सोझ्याउने काममा कर्मचारीहरू लागिपर्छन् र पालिकामा विकृति मौलाउँछ ।**

# नेपाल र छिमेक

स्वतन्त्र विचार



विनोद गुप्ता

**यसरी कूटनीतिक चेपुवामा परेको नेपाल तत्काल 'अश्वत्थामा हतः इति नरो वा कुञ्जरो वा'को स्थितिमा रहेको छ र तर व्यापारको परिणाम र सार्वभौमिकताको आधारमा नेपालले चीनको मूल्यमा भारत र अमेरिकासितको सम्बन्धलाई असन्तुलित गर्नु उपयुक्त हुँदैन ।**

हाम्रै देशको राजधानी काठमाडौंमा नेपाल र चीनबीच १६औं कूटनीतिक परामर्श संयन्त्रको सचिवस्तरीय बैठक २५ जूनबाट हुने भएको छ । हुनत नेपालले सचिवस्तरीय यस परामर्श संयन्त्रलाई विदेशमन्त्रीस्तरीय गर्न नेपालका पूर्वउपप्रधान एवं विदेशमन्त्री नारायणकाजी श्रेष्ठको चीन भ्रमणको दौरान प्रस्ताव गरिएको हो तर यसबारे भने ठोस निर्णय हुन सकेको छैन । समाचार अनुसार नेपाली पक्षले गरेका थुप्रै अनुरोधमध्ये सीमानाका खोल्ने निर्णय मात्र भएकोले यस बैठकमा नेपालले आफ्नोतर्फबाट चीनसँगको बढ्दो व्यापारघाटा, व्यापार र भुक्तानी सम्झौताका साथै चीनतर्फ साइट्रिस फल, हाइलेज घाँस र राँगाको मासुका साथै चिया-कफीलगायतका अन्य कृषि उत्पादन निर्यातको प्रस्ताव राख्ने भएको छ । तर निर्यातको सम्बन्धमा र खासगरी राँगाको मासु निर्यातबारेमा चिनियाँ पक्ष नेपालको तर्फबाट विश्वसनीय खोप तथा जीव, मुख तथा खुट्टाको रोगबाट मुक्त भएको प्रमाणपत्रको व्यवस्था अर्थात् अर्को शब्दमा क्वारेन्टाइन प्रमाणपत्रको खोजीमा छ । जुन नेपालले उपलब्ध गराउन नसकेकोले विलम्ब भइरहेको बुझिन्छ । त्यसैले वार्तामा बस्नु अघि नेपालले मासुका साथै चिया, कफी तथा फलहरूको पनि विश्वसनीय क्वारेन्टाइन प्रणाली विकास गरेर छलफलमा जानु वा प्रस्ताव गर्नु बुद्धिमत्तापूर्ण हुने देखिन्छ । त्यस्तै, यस बैठकमा २०१५ देखि हालसम्म भएका उच्चस्तरीय बैठकमा भएका निर्णय कार्यान्वयन तथा चिनियाँ ठेकेदारहरूका कारण आम नेपाली जनताले दुःख भोग्नुपरिरहेको, नारायणघाट-बुटवल र मुग्लिङ-पोखरा सडकखण्डको निर्माणमा भइरहेको अनावश्यक ढिलाइका साथै चिनियाँ पक्षबाट काठमाडौंमा दोस्रो चरणको चक्रपथ निर्माणको लागि बजेट व्यवस्था भइसकेको भन्ने सूचना प्राप्त भएपछि पनि काम हालसम्म शुरू हुन नसकेको कारण सडक विभाग र काठमाडौं महानगर पनि विवादमा मुछिन पुगेका छन् ।

तर यी कुराहरूभन्दा पनि सर्वोपरि राष्ट्रको सार्वभौमिकता हुन्छ । नेपाल र चीनबीच एक हजार ४३९ किलोमिटर सीमाका सम्बन्धमा सन् १९६३ मा सीमा प्रोटोकलमा हस्ताक्षर भएको थियो । जस अनुसार तीन तह (१) संयुक्त निरीक्षण टोली (२) संयुक्त विशेषज्ञ समूह र (३) संयुक्त निरीक्षण समिति बनाएर काम गर्ने प्रावधान छ । यसबारे प्रधानमन्त्रीले आफ्नो चीन भ्रमणका दौरान कुरा उठाउनु भएपनि चिनियाँ पक्ष यसबारे उत्साहित देखिएको छैन । नेपाली काङ्ग्रेसको गठबन्धन सरकार भएको बखत सात ठाउँमा सीमा मिचिएकाबारे कूटनीतिक नोट पठाइएकामा त्यसबारे कुनै समाचार हालसम्म प्राप्त भएको छैन । तर केही दिन अगाडिदेखि सगरमाथा आरोहीहरूले चौथो आधार शिविरमा पुग्दा चिनियाँ समय अनुसार चल्नुपर्ने बाध्यता जस्तो संवेदनशील कुरा उठाउँदासमेत न त सरकारीस्तरबाट, न हाम्रा राष्ट्रवादी नेता एवं पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीबाट नै यसबारे कुनै चियोचर्चा वा सफाइ आएको पाइएको छैन ।

भर्खरै केही दिन अगाडि हाम्रा प्रधानमन्त्री भारतको निर्वाचनमा विजय हासिल गरेर तेस्रोपटक प्रधानमन्त्रीको शपथग्रहण गरिरहनुभएका नरेन्द्र दामोदर दास मोदीको शपथग्रहण समारोहमा सहभागी हुन जानुभएको अवसरमा प्रधानमन्त्री मोदी र विदेशमन्त्री जयशङ्करसँगको भेटघाटमा सबै कुरा राम्रो भएको र भारत-नेपालको संयुक्त सीमा संयन्त्रले अब छिट्टै काम थाल्ने सहमति भएको समाचार पढ्न र देख्न पाइयो । अब नेपाललाई हेर्ने चीन र भारतको दृष्टिकोणलाई सीमा विवादको पृष्ठभूमिमा मूल्याङ्कन गर्दा समान कुरा के पाइन्छ भने दुवै देश सीमा विवादका बारेमा तैं चुप र मैं चुपको स्थितिमा देखिन्छन् । भारतले नेपालबाट राजा महेन्द्रले उपलब्ध गराएको सन् १९६२ को चीन युद्धपछि सेना चौकी राख्न पाइने चौकीहरू पञ्चायतकालमा प्रधानमन्त्री कीर्तिनिधि विष्टको पालामा हटाइए पनि कालापानी, लिपुलेक र लिम्पियाधुराबाट भारतीय सेना अनेक बहाना गरी हट्न मानेको थिएन । पछि नरेन्द्र मोदीको कार्यकालमा २०७६ कात्तिक १६ गते प्रकाशित गरेको आफ्नो नयाँ नक्शामा यो क्षेत्र भारतमा रहेको भनेर देखाएपछि भारतसँग शुरू भएको यो सीमा विवादबारे असल छिमेकीको हैसियतमा चीनलाई ठूलो दबाब पर्न सक्ने भएपनि चीन दुई देशको मामिला भनेर पन्छिएको पाइन्छ । चीन र नेपालबीच २०१८ सालमा भएको संयुक्त सीमाङ्कनमा त्रिदेशीय सीमा बिन्दु उल्लेखको सट्टा पानी ढलोको वर्णन मात्र गरेको पाइन्छ भने चीन र ब्रिटिश इन्डियाबीच भएको सन्धि सम्झौता र नक्शामा त्रिदेशीय बिन्दुबारे जानकारी भएपनि भारतको उपस्थितिमा मात्र अन्तिम निर्णय गर्नेगरी थाती राखेको पाइन्छ । तर २०५७ सालमा बेइजिङमा सम्पन्न चीन-भारत संयुक्त कार्यदलको बैठकमा वास्तविक नियन्त्रण रेखाङ्कित नक्शा आदानप्रदान गर्दा चीन-भारत र नेपालको पश्चिमी त्रिदेशीय बिन्दु तोकिएको समाचार प्रकाशित भएपछि २०५७ सालमैं मन्त्रालयस्तरीय नेपाल-चीनको बैठकमा नेपालको सहभागिताविना यस्तो निर्णायक निर्णय कसरी भयो भन्ने प्रश्न उठ्दा चिनियाँ प्रतिनिधिमण्डलका नेता वाङ यीले कालापानी विवादबारे चीन जानकार रहेकोले चीनले आफ्नोतर्फबाट त्रिदेशीय बिन्दु तोकेको नक्शा पेश नगरेको तर भारतले चीनलाई दिएको नक्शा आफूखुशी कालापानी आफूतिर राखेर त्रिदेशीय बिन्दु कोरेको भनेर झारा टार्ने काम भएको पाइन्छ । किनभने २०६१ सालमा चीनका प्रधानमन्त्री जिया वाओको भारत भ्रमणको दौरान हस्ताक्षरित सीमासम्बन्धी प्रोटोकलमा मध्य सेक्टरको लिपुलेक, च्याङ्ला भन्ज्याङलाई समावेश गरी सीमा बिन्दुहरूको विस्तार गर्न दुवै पक्ष सहमत भनेर उल्लेख गरिएको पाइन्छ भने २०७२ सालको प्रधानमन्त्री मोदीको चीन भ्रमणको क्रममा भएको सीमासम्बन्धी सम्झौतामा लिपुलेक नाकाबाट व्यापार अभिवृद्धि गर्नेगरी वार्ता अगाडि बढाउने उल्लेख छ । यसरी छल गरेर भारतसँग सम्झौता गर्न पुगेको चीन यही कारणले नेपालको पक्षमा नबोल्न बाध्य भएको छ तर अब एउटा ठूलो प्रश्न सगरमाथा सम्बन्धमा खडा भएको छ । नेपाली पर्वतारोहीहरूका अनुसार सगरमाथाको चौथो आधार शिविर टेक्न नपाउँदै समय परिवर्तन भई चिनियाँ समय देखिन थालेकोमा आश्चर्य प्रकट गरेर यो के हो नेपालको सगरमाथामा चिनियाँ समय कसरी भन्ने प्रश्न उठाएकोमा नेपाल सरकारले केही बोलेको छैन । भोलि नेपालले बोल्न खोज्दा भारत पनि यो नेपाल-चीनबीचको मामिला भनेर पन्छिन सक्ने देखिन्छ । अब प्रश्न उठ्छ कि हामी सार्वभौम राष्ट्र भएकोले भारत वा चीनको साथ किन चाहिन्छ ? यसको उत्तर यही हुन सक्छ कि चीनतर्फ हुम्ला, किमाथाङ्का, दैलेख, गोरखालगायत छ/सात ठाउँमा सीमा मिचिएको सम्बन्धमा पठाएको कूटनीतिक नोटको जवाफसम्म चीनले फर्काएको छैन भने त्यसैगरी, भारतसँग पनि टनकपुर, सुस्ता, कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका स्थानहरूका सीमा विवाद समाधान गर्न वर्षौं अगाडि पठाएको कूटनीतिक नोट पनि अनुत्तरित नै रहेको छ । यसको स्पष्ट कारण राजनीति स्थिर नहुनु हो ।

अहिले प्रधानमन्त्री प्रचण्डको चीन र हालै सम्पन्न भारत भ्रमणपछि सीमा संयन्त्रलाई चलायमान बनाउने सन्दर्भ उठेको छ । चीनतर्फ जून महीनामा चीनमा बैठक सम्पन्न भइसकेको छ, जसको जानकारी विस्तृतरूपमा आउन बाँकी नै छ भने भारततर्फ हेर र पर्खको स्थिति छ । चीनले बिआरआईको उसको शर्त मानेर सम्झौता गर्न नेपाल तयार नभएसम्म अल्झाइराख्ने मनसाय देखाउँदैछ भने भारत, नेपालले बिआरआईमा हस्ताक्षर नगरेको हेर्न चाहन्छ । तदनुरूप आफ्नै सहयोगी कार्यहरू कसरी र कति भन्ने प्रतीक्षामा छ । यसरी कूटनीतिक चेपुवामा परेको नेपाल तत्काल 'अश्वत्थामा हतः इति नरो वा कुञ्जरो वा'को स्थितिमा रहेको छ र तर व्यापारको परिणाम र सार्वभौमिकताको आधारमा नेपालले चीनको मूल्यमा भारत र अमेरिकासितको सम्बन्धलाई असन्तुलित गर्नु उपयुक्त हुँदैन ।

# मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन परियोजना : तीन महीनाभित्रै पेट्रोल पाइपलाइबाट

वीरगंज (पर्सा), ११ असार/रासस

नेपाल आयल निगमले आगामी भदौ मसान्तभित्रै पेट्रोल, मटीतेललगायत पेट्रोलियम पदार्थ पनि पाइपलाइनबाट ल्याउने गरी पूर्वाधार निर्माणलाई तीव्रता दिएको छ । निगमले मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन परियोजना अन्तर्गत दोस्रो चरणको ७५ प्रतिशत काम सकिएसँगै बाँकी रहेको काम पनि आगामी तीन महीनाभित्र सम्पन्न गरेर पेट्रोल-मटीतेल पनि पाइपलाइनबाटै ल्याउने तयारीमा जुटेको छ ।

नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगंजका प्रमुख विनीतमणि उपाध्यायले मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन परियोजना अन्तर्गत दोस्रो चरण अन्तर्गतका मुख्य टङ्की निर्माण सकिएकाले अन्य प्राविधिक कामलाई तीन महीनाभित्रै सम्पन्न गरेर पेट्रोल रमटीतेल पाइपलाइनबाट ल्याइने बताए ।

"दोस्रो चरण अन्तर्गतका ठूला पूर्वाधार निर्माणका सबैजसो काम सकिएका छन्," उनले भने, "परियोजनाको दोस्रो चरण अन्तर्गत ४१ सय किलोलिटर क्षमताका दुईवटा पेट्रोलका टङ्की निर्माण गर्नुपर्ने थियो । अहिलेसम्म दुईवटै टङ्की निर्माणको काम सम्पन्न भइसकेको छ," उनले भने,



"समग्रमा अहिलेको जुन रफ्तारमा काम भइरहेको छ । सोही कायम रहेको खण्डमा तीन महीनाभित्र सम्पन्न हुनेछ ।"

प्रमुख उपाध्यायले पेट्रोलियम पदार्थको भण्डारणसँग जोड्ने पाइपलाइन जडान कार्य भइरहेको बताए । "केही सिभिलसँग सम्बन्धित र इलेक्ट्रोनिक्स र आइटीसँग सम्बन्धित काम बाँकी छन्," उनले भने, "बाँकी रहेका काम पनि तीव्रगतिमा भइरहेकाले सकेसम्म भदौको दोस्रो साताभित्र सकाउने गरी काम भइरहेको छ ।"

प्रमुख उपाध्यायले पेट्रोल पाइपलाइनबाट ल्याएसँगै ढुवानी खर्चमा प्रतिलिटर रु तीन कम हुने बताए ।

"एकातर्फ प्रतिलिटर रु तीन ढुवानी खर्च घट्नेछ भने अर्कातर्फ वातावरण प्रदूषण पनि कम हुनेछ," उनले भने, "योसँगै वार्षिक रु एक अर्ब रकम ढुवानी भाडा जोगिनेछ ।" निगमले अहिले पेट्रोल तथा मटीतेल भारतको बरौनीबाट ट्याङ्करबाट ल्याउँदै आइरहेको छ । डिजेल भने पाइपलाइनबाटै भित्रिंदै आइरहेको छ ।

कार्यालयका अनुसार २५० किलोलिटर क्षमताका दुईवटा ट्रान्समिक्स टङ्की निर्माण भइरहेका छन् भने २४ वटा पूर्णरूपमा स्वचालित पेट्रोल भर्ने स्टेशन निर्माणको काम भइरहेको छ । निगमले मोतिहारी-अमलेखगंज पेट्रोलियम पाइपलाइन परियोजना दोस्रो चरण अन्तर्गतको पूर्वाधार निर्माणका लागि भारतीय कम्पनी लिखिता इन्फ्रास्ट्रक्चर प्रालिसँग ठेक्का सम्झौता गरेको थियो । सो ठेक्का सम्झौता अनुसार कम्पनीले सन् २०२३ को डिसेम्बरमा आवश्यक पूर्वाधार निर्माणको काम सम्पन्न गर्नुपर्ने थियो । सन् २०२४ को जनवरीमा उद्घाटन गर्ने कार्यक्रम तय गरिएको तर निर्माण कम्पनीको ढिलासुस्तीका कारण तोकिएको समयसीमाभित्र दोस्रो चरणको काम सम्पन्न हुन सकेको छैन ।

निगमका अनुसार पम्पहाउस, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति, 'ओइल वाटर स्प्रेटर', 'पिएमससिसी रूम'लगायत पूर्वाधार निर्माण भइरहेका छन् । निगम र भारतीय पक्षले विभिन्न पूर्वाधार निर्माण गर्दै आइरहेका छन् । निगमले दोस्रो परियोजना कार्यान्वयनका लागि एक अर्ब ५४ करोड भारु खर्चिएर चार हजार एक सय किलोलिटर क्षमताको पेट्रोलको टङ्की, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति र २४ वटा पूर्णरूपमा स्वचालित पेट्रोल

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# ‘वित्त नीतिलाई सघाउने मौद्रिक नीति आवश्यक’

काठमाडौं, ११ असार/रासस

अर्थतन्त्रमा देखिएका समस्या सम्बोधन गर्ने, वित्त नीतिसँग सामञ्जस्यता हुने र आगामी आर्थिक वर्षका लागि सरकारले लिएको छ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्यलाई सघाउने गरी मौद्रिक नीति आउनुपर्नेमा विज्ञ तथा सरोकारवालाहरूले जोड दिएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मङ्गलवार आयोजना गरेको आगामी आर्थिक वर्षको मौद्रिक नीतिका सम्बन्धमा आयोजित छलफलमा सहभागीहरूले सरकारको वित्त नीतिलाई सघाउने गरी केन्द्रीय बैंकले मौद्रिक नीति ल्याउनुपर्ने आवश्यकता औंल्याए ।

सरकारको पूँजीगत खर्च बढाउने, मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्ने, मौद्रिक नीतिमार्फत कर्जाको माग बढाउने गरी लचिलो नीति लिइनुपर्ने तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउने नीति अवलम्बन गरिनुपर्नेलगायतका सुझाव विज्ञ एवं सरोकारवाला क्षेत्रबाट आएका छन् ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले चालू पूँजी कर्जा मार्गदर्शन कार्यान्वयनमा कुनै समस्या नरहेको बताए । ग्राहक संरक्षणका लागि नियामकीय र सुपरीवेक्षण भूमिका बढाउने उनको भनाइ छ । त्यस्तै, समस्यामा परेका व्यक्ति आफ्नो स्वार्थपूर्तिका लागि आफूअनुकूल मौद्रिक नीति आओस् भन्ने चाहिरहेको गभर्नर अधिकारीले बताए ।

“बजारका अपेक्षा सुन्दा कसैका व्यक्तिगत र निजी समस्यालाई सबैको समस्या भनेर उठाएको जस्तो देखिन्छ । आफ्नो समस्याबाट उम्किन राष्ट्र बैंकतर्फ बढी आशातीत भएको देखिन्छ”, गभर्नर अधिकारीले भने, “राष्ट्र बैंकका पनि आफ्नै सीमितता छन् । हामी नीति निर्माताको उद्देश्य कसैलाई पनि ऋणमा डुबाउने होइन । धान्न सक्ने मात्र ऋण लिने अवस्था बनाउने हो ।”

अर्थसचिव मधुकुमार मरासिनीले नीतिगत स्थिरता हुनेगरी आगामी आर्थिक वर्षको बजेट आएको बताए । सरकारको नीति चाँडो-चाँडो परिवर्तन हुने अवस्थालाई आगामी आर्थिक वर्षको बजेटले रोक्न खोजेको उनको भनाइ छ । आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको वित्तीय नीतिलाई समर्थन र सहयोग गर्नेगरी मौद्रिक नीति आउने विश्वास उनले व्यक्त गरे ।

चालू आर्थिक वर्षको तुलनामा आगामी आर्थिक वर्षको बजेटमा चालूतर्फको बजेट घटाइएको, पूँजीगततर्फको बढाइएको र क्रमागत आयोजनालाई बजेट विनियोजनमा प्राथमिकतामा राखिएको उनको भनाइ




सेजनका अध्यक्ष सुजन ओली मङ्गलवार काठमाडौंमा सेजनद्वारा आयोजित पूर्वमौद्रिक नीति छलफल कार्यक्रममा धारणा राख्दै । तस्बिरः रासस

छ । “आगामी आर्थिक वर्षको बजेट पूर्वाधार निर्माणमा सिर्जित दायित्व र बहुवर्षीय आयोजनामा केन्द्रित गरेका छौं । कार्यान्वयनयोग्य बजेट आएकाले छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सक्नेमा आशावादी छौं,” उनले भने, “तथ्यमा आधारित भएर बजेटका लक्ष्य निर्धारण भएका छन् । करका दर सकेसम्म कम चलाउने प्रयास गरेका छौं ।”

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा विश्वनाथ पौडेलले पछिल्लो समय सार्वजनिक वित्त व्यवस्थापनका क्षेत्रमा समस्या बढ्दै गएको बताए । “सार्वजनिक वित्त २०७४ सालयता निरन्तर बिग्रँदो अवस्थामा गइरहेको छ । त्यसयता सार्वजनिक ऋण अत्यधिक बढेको छ । तर त्यसको प्रतिफल देखिंदैन,” उनले भने ।

सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा ठूलो रकम खर्च भइरहेकाले सरकारको स्रोतमा पनि चाप परेको उनको भनाइ छ । मुलुकको आर्थिक गतिविधि बढाउन नयाँ क्षेत्र पहिचान गर्नुपर्ने आवश्यकता उनले औंल्याए । ऊर्जा र सडक आयोजना निजी क्षेत्रलाई निर्माण गर्न दिनुपर्ने र केही महत्त्वपूर्ण सडक पूर्वाधार आयोजना तत्काल सम्पन्न गर्नुपर्ने उनको भनाइ छ । काठमाडौं-तराई/मधेस द्रुतमार्गले ढुवानी लागत घटाउने र मुद्रास्फीतिसमेत नियन्त्रण गर्न सघाउने भएकोले यो आयोजना चाँडो निर्माण सम्पन्न गर्नुपर्ने पौडेलले बताए । पछिल्लो समय मुलुकको अर्थतन्त्र व्यवस्थापनमा वित्तीयभन्दा मौद्रिक भूमिका बढेको जस्तो देखिएको पनि उनले उल्लेख गरे ।

पूँजीबजार केही मान्छेको हातमा पुग्दा त्यसले समस्या निम्ताउनेतर्फ सहज हुनुपर्ने उनको भनाइ थियो । आगामी आर्थिक वर्षको मौद्रिक नीतिमा धेरै चलाउने ठाउँ नरहेको उल्लेख गर्दै पौडेलले प्राथमिकताप्राप्त क्षेत्रको कर्जा विस्तारमा टेवा पुग्ने गरी लचक नीतिको अपेक्षा गरिएको बताए । “नीतिगत दरलगायतका मौद्रिक औजार धेरै चलाउने अवस्था छैन । अब साना तथा मझौला र कृषि क्षेत्रमा कर्जा विस्तार गर्नु अपरिहार्य भइसकेको छ । लघुवित्त संस्थाको नियमन र सुपरीवेक्षण बढाइनुपर्छ,” डा पौडेलले भने ।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनील केसीले बैंकहरूको वितरणयोग्य नाफा निकै घटेको बताए । पछिल्लो तीन वर्षयता बैंकहरूको लगानीको प्रतिफल (आरओई) घटिरहेकाले यसबारेमा सोच्नुपर्ने बेला आएको उनको भनाइ थियो । बैंक तथा वित्तीय संस्थाका कर्मचारीमाथि भौतिक आक्रमण हुन थालेको र कर्जा असुली गर्न अप्ठ्यारो भइरहेको उनको भनाइ छ । निर्माण क्षेत्रका ऋणीहरूको खराब कर्जा बढिरहेकाले सरकारले निर्माण व्यवसायीको भुक्तानी गर्नुपर्ने केसीले बताए ।

“बैंकहरूको कमजोरीका कारण खराब कर्जा बढेको होइन । समग्र अर्थतन्त्रमा आएको शिथिलताले बढेको हो । अहिले बैंकहरूको खराब कर्जा तीन दशमलव ९९ प्रतिशत हाराहारी छ । जुन दक्षिण एशियाली मुलुकहरूमा श्रीलङ्का र पाकिस्तानको तुलनामा निकै कम हो,” अध्यक्ष केसीले भने, “बैंकहरू ग्रीन बन्ड ल्याउनतर्फ लागिरहेकाले राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीतिमार्फत प्रोत्साहन र सहजीकरणको नीति लिनुपर्छ ।”


नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले निजी क्षेत्रप्रति हेर्ने सरकारको धारणामा सुधार हुन नसकेको बताए । “निजी क्षेत्रले कर्जा दुरुपयोग गरेका छन् र उनीहरू खराब हुन् भन्ने धारणा बनाइएकाले निजी क्षेत्रको पनि आत्मविश्वास बढ्न सकेको छैन । यो भाष्य परिवर्तन गर्न आवश्यक छ,” अग्रवालले भने । नेपाल राष्ट्र बैंकले कार्यान्वयनमा ल्याएको चालू पूँजी कर्जा मार्गदर्शनका कारण पनि कर्जा विस्तारमा केही सकस भएको उनको भनाइ छ ।

अर्थशास्त्री डा समीर खतिवडाले खुकुलो व्यवस्थासहित वास्तविक क्षेत्रको विकास हुनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति आउनुपर्ने बताए । नेपाल राष्ट्र बैंक ऐनमा केन्द्रीय बैंकको जिम्मेवारीमा बाह्य क्षेत्र सन्तुलन, मूल्य स्थायित्वलगायतका विषय राखिएको भएपनि आन्तरिक उत्पादन वृद्धि र रोजगार सिर्जना गर्नेजस्ता विषयमा मौन रहेको बताए ।

त्रिचन्द्र बहुमुखी क्याम्पसका सहप्राध्यापक सावित्रीदेवी आचार्य अधिकारीले सरकारी खर्च र लगानी बढाउनुपर्नेमा जोड दिइन् । “सरकारको पूँजीगत खर्च बढ्न सके मात्रै अन्य क्षेत्रबाट पनि लगानी बढ्छ । बैंकिङ क्षेत्रमा पर्याप्त तरलता रहेको र ब्याजदर घटेको बेलामा कर्जा विस्तार हुन सकेको छैन । यो विषयलाई मौद्रिक नीतिले सम्बोधन गर्न सक्नुपर्छ,” उनले भने ।

बैंकिङ क्षेत्रका विज्ञ भुवन दाहालले मुलुकको समग्र अर्थतन्त्र शिथिल भएको अवस्थामा बजार माग घटेको र निजी क्षेत्रको मनोबल खस्किएकाले कर्जा प्रवाह बढ्न नसकेको बताए । “अहिले विदेशी मुद्राको सञ्चिति सुविधाजनक अवस्थामा छ । बैंक वित्तीय संस्थामा तरलता पर्याप्त छ । डिजिटल बैंकिङलगायतका पूर्वाधार पनि निकै राम्रो अवस्थामा छ,” उनले भने, “तर निजी क्षेत्रको मनोबल खस्किंदा कर्जा प्रवाह बढ्न सकेको छैन ।” निजी क्षेत्रमाथि राज्यले धरपकड गर्ने नभई प्रोत्साहनको नीति लिइनुपर्ने दाहालले बताए ।

सरकारले भुक्तानी गर्नुपर्ने निर्माण व्यवसायीको रकम, कोभिड बीमाको दाबी भुक्तानी, विभिन्न अनुदान रकम भुक्तान हुन सके बजारमा रकम प्रवाह बढ्ने र त्यसले माग सिर्जना गर्ने उनको भनाइ छ । कार्यक्रममा नेपाल क्रेडिट रेटिङ एजेन्सीकी बिजनेस हेड वर्षा श्रेष्ठले बैंकहरूको कर्जा-निक्षेप अनुपात घट्नुपर्ने बताइन् ।



**नदी कटान नियन्त्रणका लागि ‘काउन्टर फोर्ट ’प्रविधिको पर्खालः** म्याग्दीको सदरमुकाम बेनीमा कालीगण्डकी नदीको कटान नियन्त्रणका लागि निर्माण गरिएको काउन्टर फोर्ट प्रविधिको पर्खाल । रूपाताल संरक्षण परियोजनामार्फत बेनी नगरपालिका-७ मा कालीगण्डकी नदी किनारमा १४० मिटर लम्बाइ भएको काउन्टर फोर्ट (नयाँ प्रविधिको बलियो पर्खाल) र ३० मिटर ‘ग्राभेटी’ प्रविधिको पर्खाल निर्माण गर्ने काम हालै सम्पन्न भएको छ । तस्बिरः सन्तोष गौतम/रासस

# दुई करोड लुटेको आरोपमा प्रहरी हवलदारसहित चारजना पक्राउ




काठमाडौं, ११ असार/रासस

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले भक्तपुरको दधिकोटका डिल्लीराज राउतको रु दुई करोड लुटपाटमा संलग्न रहेको अभियोगमा प्रहरी हवलदारसहित चारजनालाई पक्राउ गरेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक अङ्गुर जिसीका अनुसार ओखलढुङ्गा मानेभन्ज्याङ-३ घर भई हाल ललितपुर बस्ने ३५ वर्षीय मोनाराज राई, सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ का ३१ वर्षीय भीमबहादुर तामाङ, सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-२ का ३१ वर्षीय सुजन रसाइली तथा सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ घर भई हाल नेपाल प्रहरीको ‘सशस्त्र प्रहरी दुई नम्बर गण महाराजगंज’मा कार्यरत ३८ वर्षीय प्रहरी हवलदार कृष्णबहादुर बोहरालाई पक्राउ गरिएको हो ।

उक्त कार्यालयले आज पत्रकार सम्मेलन गरेर आरोपितहरूलाई सार्वजनिक गर्दै उनीहरूले यही असार ४ गते आफूहरू नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोमा आबद्ध रहेको बताउँदै राउतको घरभित्र प्रवेश गरी धम्क्याएर दराजमा राखेको रु दुई करोड लुटेर फरार भएका थिए ।

# एसइईको नतीजा बिहीवारसम्म सार्वजनिक गरिने

भक्तपुर, ११ असार/रासस

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको एसइईको नतीजा बिहीवारसम्म सार्वजनिक गर्ने तयारी गरेको छ ।

कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले नतीजा सार्वजनिक गर्ने अन्तिम तयारीमा पुगेको जानकारी दिए । कार्यालयले तयार पारेको कार्ययोजना अनुसार उत्तरपुस्तिका परीक्षण, अङ्कभार प्रविष्ट र ‘मिस म्याच’को काम सकेर नतीजा प्रकाशनको अन्तिम तयारी भइरहेको उनको भनाइ छ ।

परीक्षा नियन्त्रक पौडेलले भने, “असार १५ गतेभित्र नतीजा सार्वजनिक गर्ने बोर्डको तालिका हो, तालिकाभन्दा पनि छिटो नतीजा सार्वजनिक गर्न बोर्ड र परीक्षा नियन्त्रण कार्यालयले तीव्र गतिमा काम गरेका छन्, बिहीवारभित्र नतीजा सार्वजनिक गर्नेगरी काम भइरहेको छ ।” उनले कर्मचारीहरूको समूह बनाएर काम भइरहेको बताए । उनले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण भई कार्यालयमा बाँकी काम भइरहेको जानकारी दिए ।

कार्यालयले गत वर्ष असार २४ मा एसइईको नतीजा सार्वजनिक गरेको थियो । परीक्षा नियन्त्रक पौडेलले यस वर्ष एसइईको नतीजा सैद्धान्तिक र प्रयोगात्मक फरक गरी सार्वजनिक गरिने बताए । यस वर्षको नतीजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क नल्याउनेलाई एनजी उल्लेख गरिने उनको भनाइ छ । गत चैत १५ गतेदेखि शुरू भएको एसइईमा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार परीक्षार्थी सहभागी थिए ।

# २० वर्षपछि विवाह गर्ने किशोरीलाई रु २० हजार

बोदेबरसाइन (सप्तरी), ११ असार/रासस

बोदेबरसाइन नगरपालिकाले २० वर्ष पुगेर विवाह गर्ने दलित किशोरीलाई रु २० हजार प्रदान गर्ने भएको छ । नगरपालिकाले ११औं नगरसभामा बालविवाह न्यूनीकरणका लागि उक्त निर्णय गरेको जनाएको छ । बालविवाहविरुद्धको साझा अभियानलाई सफल बनाउन उक्त कार्यक्रममा सहयोग हुने विश्वास व्यक्त गरिएको छ ।

“यहाँका अधिकांश स्थानमा बालविवाह गर्ने चलन छ, यस अभियानले बालविवाह कम हुने अपेक्षा गरेका छौं,” नगरप्रमुख आतेशकुमार सिंहले भने, “उमेर नपुगी विवाह गर्ने चलन अन्त्यका लागि यो अभियानलाई जिल्लाभर लैजान जरुरी छ ।”

दलित समुदायका उमेर पुगेर विवाह गर्ने महिलालाई रु २० हजार नगद दिने तथा स्नातक पास गरी विवाह गर्ने महिलालाई पनि सहयोग गर्ने उनको भनाइ छ । उपप्रमुख रेनुकुमारी साहले यस कार्यक्रमले विद्यालयस्तरमा बालविवाहबारे चेतना फैलाउन सहयोग हुने धारणा व्यक्त गरिन् ।

**कृषि मिटरको विद्युत् महसूल नगरपालिकाले तिर्ने**

नगरपालिकाले सिंचाइ र मलखादको अभाव झेल्दै आएका किसानले प्रयोग गर्ने कृषि मिटरको विद्युत् महसूल बेहोर्ने निर्णय गरेको छ । कृषि क्षेत्रको विकास गर्दै कृषिमा आत्मनिर्भर बनाउन कृषि मिटरको महसूल नगरपालिकाले नै तिरिदिने निर्णय गरेको नगरप्रमुख सिंहको भनाइ छ । कृषि विद्युतीकरणमा नगरपालिकाले ७० प्रतिशत काम पूरा गरिसकेको र बाँकी ३० प्रतिशत काम छिट्टै सम्पन्न गर्ने उनको भनाइ छ ।

# १३ करोडभन्दा रकम बढी ठगी गर्ने छ पक्राउ

काठमाडौं, ११ असार/रासस

नेपाल प्रहरीले कलङ्की ट्रेड सेन्टरका व्यापारिक सटर हस्तान्तरण गर्ने भनी विभिन्न व्यक्तिबाट रू १३ करोडभन्दा बढी ठगी गर्ने सो सेन्टरका छ जना सञ्चालकलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले कलङ्कीस्थित ट्रेड सेन्टरका व्यापारिक सटर हस्तान्तरण गर्ने भनी रू १३ करोड ७३ लाख ५२ हजार २५६ ठगी गरेको आरोपमा उनीहरूलाई पक्राउ गरी आज सार्वजनिक गरेको हो ।


पक्राउ पर्नेमा स्याङ्जाका ६१ वर्षीय शान्तिरमण पङ्गेनी, काठमाडौंका ६८

(बाँकी पाँचौं पातामा)

# जागीर छोडेर किताब रोजेपछि ...

मधु शाही
काठमाडौं, ११ असार/रासस

किताबैकिताबको चाङबाट उनी बाहिर निस्किए। कोट, पाइन्ट र ढाका टोपीमा चिटिक्क थिए । हातमा थान पुस्तक समाउँदै भने, “यो चाहिं जापानी विदेशमन्त्रीलाई उपहार दिन छानेको छु।” वैशाख महीनाको कुरा हो । जमलस्थित मण्डला बूक प्वाइन्टका प्रमुख माधवलाल महर्जनको पुस्तकपसलमा जापानकी विदेशमन्त्री योको कामिकावाकोले नेपाली लेखकका पुस्तक खरीद गरेकी थिइन्। यतिमात्रै होइन, छोटो समयमा महर्जनले जापानी विदेशमन्त्रीलाई नेपाली लेखक र पुस्तकको महत्त्वबारे सुनाउने मौका पाएका थिए। महर्जनका अनुसार पुस्तकपसल खोलेर कमाएको ठूलो धन भनेको सम्बन्ध नै हो। धेरैले उनलाई व्यङ्ग्य गर्दै भन्ने पनि गर्छन्, “पसल चलेपछि धनी भयौ ।” तर उनी धनको भन्दा सम्बन्धको महत्त्वलाई प्राथमिकतामा राख्छन्।


तस्वीरः रासस

यसअघि पुस्तकपसलमा पाकिस्तानकी तत्कालीन प्रधानमन्त्री बेनजिर भुट्टोले दुई घण्टा पसलमैं किताबहरूसँग बिताएको उनी सम्झन्छन्। अझै पसलमा बसेर पाठक घण्टौं समय बिताएको उनलाई निकै मनपर्छ । हुनत पसल साँघुरो छ। पाठकले सोचे जस्तो पढ्ने वातावरण मण्डला बूक्स प्वाइन्टमा पाउन सकेका छैनन्। तर आएका पाठक देखेर हार्दिकता भाव व्यक्त गर्न भने माधव निकै सिपालु छन्। “म पाठकलाई पूजा गर्छु,” उनी भन्छन्, “सकेसम्म पसलमा टिकाइरहन पाए हुन्थ्यो भन्ने लाग्छ ।” किताब व्यापारसँग उनको साइनो पुरानो छ। लगभग पाँच दशक पुरानो। बिहानै नित्यकर्म गरेर उनी पुस्तकपसलमा आउँछन्। पुस्तकका पाना हेर्दै केही समय पसलमैं बिताउँछन् । त्योभन्दा पनि रमाइलो उनलाई पुस्तकपसलमा आएका पाठकसँग किताबकै बारेमा गफिन मन पर्छ। “पाठकले कस्ता पुस्तक खोज्दैछन्, ध्यान दिएर मनोविज्ञान बुझ्ने कोशिश गर्छु,” उनले भने, “अनि उहाँहरूकै रुचि मनन गरेर पुस्तक बिक्रीका लागि ल्याउने गर्छु ।”

**किसानको छोरो किताबमा रुचि**

कीर्तिपुर प्राङ्गणमा जन्मिएका ७४ वर्षे महर्जनको किताबपसलसँगको इतिहास रोचक छ। सामान्यतया बाउबाजेले जे गर्छन्, त्यही पुस्ताले पछ्याउने परम्परा छ। किसानको छोरो किसान हुने भएजस्तै महर्जनको परिवार किसानीमैं बित्यो । किताब व्यापारले जीवन धानिएला भन्ने उनको पुस्ताले परिकल्पनासमेत गर्न सकेको थिएन । तर महर्जन भने यो कल्पनालाई सत्यमा परिणत गर्न निकै मेहनत गर्नुपरेको बताउँछन् । पढ्ने र लेख्ने संस्कार थिएन । तर महर्जनको बाजे भने खेती गर्दै धार्मिकग्रन्थ पढ्न रुचि गर्थे । महाभारत, गीता, रामायणजस्ता धार्मिकग्रन्थ साँझ–बिहान पढ्ने उनको बानी थियो । महर्जन बाल्यकाल सम्झँदै भन्छन्, “बाजेलाई ग्रन्थ पुर्‍याउने काम म गर्थें, ग्रन्थको सुगन्धले निकै तान्थ्यो।” बाजेले ग्रन्थ पढेको हेर्दाहेर्दै आफूलाई किताबप्रति मोह बढेको हुन सक्ने उनी बताउँछन्।

सन्तानमा जेठो भएकाले महर्जनलाई कलिलै उमेरमा ३२ जनाको संयुक्त परिवार पाल्नुपर्ने जिम्मेवारी आयो । क्याम्पस पढ्दै जागीर खाने निधो गरे। सरकारी जागीर खाने पनि धेरैपटक प्रयास गरे। राष्ट्र बैंक, बालाजु औद्योगिक क्षेत्रमा समेत जागीर खान भरपूर मेहनत गरे । कतै अन्तर्वार्तामा फालिने कतै वैकल्पिकमा पर्ने। सरकारी जागीर खान नपाएको पीडा उनले मनमैं लुकाए र व्यवसायमा जोड दिन थाले । “एउटा बाटो थुनिए अरू थुप्रै बाटा खुल्छन्,” उनी विगत सम्झँदै भन्छन्, “किताब व्यापारले मलाई आत्मसन्तुष्टि दिएको छ, र धन पनि।”

बालाजु औद्योगिक क्षेत्रमा जागीर राम्रै थियो। खान, लगाउन र परिवार पाल्न पुग्थ्यो । तर पनि महर्जनको मन भने बेचैन रह्यो। केही अपुग जस्तो। किताबसँगै रमाउन मन पराउने हुँदा उनले यसै क्षेत्रमा केही गर्ने मनसाय बनाए । “किताब पढ्ने र पाना पल्टाउने बानीले जागीरमा मन लागेन,” उनी भन्छन्, “त्यसपछि राम्रै जागीर छोडेर किताबपसलमा काम खोज्न पुगें।”

महर्जन प्रोफेसर प्रसन्नमान सिंह प्रधानको घरमा पढ्दै वसन्तपुरको नेपाल बूक सेलर्स पसलमा पहिलोपटक जागीर पाए । किताबपसलमा बस्दा उनी किताब बेच्ने र पढ्ने दुवै काम गर्थे । उनका अनुसार त्यति बेला अङ्ग्रेजी पाठक बढी थिए।
५० देखि ७५ पैसामा अङ्ग्रेजी पुस्तक पाउने गर्थे। अङ्ग्रेजी सिक्न र बुझाउन अत्यन्त सरल शैलीका अङ्ग्रेजी पुस्तक बजारमा बिक्रीमा राखिएको थियो। “मलाई याद भएसम्म अमेरिकी दूतावासले अङ्ग्रेजी सिकाउन यस्तो नीति ल्याएको हुनुपर्छ,” उनी सम्झन्छन्, “सस्तो मूल्य र रोचक विषय भएकाले पाठकको घुइँचो नै लाग्थ्यो ।” उनले अङ्ग्रेजी बोल्न त्यही पसलमा किताब बेच्दै गर्दा सिकेको बताउँछन् । उक्त पुस्तकपसलमा केदारभक्त माथेमा, प्रदीप गिरी, गणेशराज शर्मालगायत व्यक्तित्व उनको पसलमा किताब खोज्न आउँथ्ये। लोकराज बराल, कृष्ण हाछिथ्यु, अभि सुवेदी, अरुण गुप्तो, डा हर्क गुरुङलगायत बौद्धिक वर्गका मान्छे उनको पसलका नियमित ग्राहक हुन् । उनका अनुसार केही पाठकले त ‘माधव तिमीले पसलको भाडा त तिर्न सकेका छौं नि ?’ भन्दै दुःख–सुख पनि सोध्ने गर्थे । “पाठकले मेरो स्थितिबारे मायाले सोध्दा अझै आत्मविश्वास बढ्दै जान्थ्यो,” उनी भन्छन्।

पुस्तकपसलमा किताब बेच्दै पढ्दै गर्दा उनले आफ्नै व्यापार–व्यवसाय सञ्चालन गर्ने हिम्मत जुटाए । किसानले किताबपसलमा काम गर्छभन्दा उतिबेला छिमेकीले गिज्याउने गरेको क्षण उनी अझै सम्झन्छन्। समाज वा परिवारमा भइरहेको कामभन्दा अलि फरक मार्ग रोज्न खोज्दा अवश्य पनि चुनौतीको सामना गर्नुपर्ने महर्जन बताउँछन्। तर यस्तो चुनौतीसँग हार खानु भने हुँदैन भन्नेमा उनको अनुभव छ। सन् १९७६ मा उनले घण्टाघरनजीकै किताबपसल खोले। उनका अनुसार उतिबेला किताब पढ्न र किन्न आउनेहरू दिनमा दुई/चार जना मात्रै हुन्थे। सन् १९९० मा स्थापित मण्डला बूक प्वाइन्ट्स नामकरण गरेको हो । उनी विगत सम्झँदै भन्छन्, “किसानको छोरोले किताब समाएर राम्रै गरेको जस्तो लाग्छ।”

**डिजिटल पाठकले चुनौती**

महर्जनको पुस्ता किताबको अक्षर मात्रै होइन, सुगन्ध लिंदै पढ्दै आयो । डिजिटल प्रविधिको युगले सुविधासम्पन्न बनाए पनि केही मौलिकता मारेको उनी बताउँछन्। किताबी दुनियाँकै कुरा गर्ने हो भने पनि अनलाइनमैं किताब पढ्ने पाठक बढेका छन्। यद्यपि उनी भन्छन्, “डिजिटल युगले किताबको अक्षर हेर्नमैं सीमित हुन्छन्। पुस्तक पढ्ने भनेको अक्षर मात्रै पढ्ने होइन, किताब र पाठकबीचको आत्मीयता स्पर्शबाट शुरू हुन्छ। त्यसका पाना पल्टाउँदाका आवाजसँग जोडिएको हुन्छ र सुँग्दा सुगन्धसँग मिसिएको हुन्छ।” किताबको मिठास महसूस गर्न किताब नै हातमा समाउनुपर्छ भन्ने उनको बुझाइ छ।

महर्जनले पाँच दशक अघि खोलेको पुस्तकपसल सूचना प्रविधिको तीव्र विकाससम्म आइपुग्दा पाठक र बजारमा समेत परिवर्तन आएको छ । विगतमा जस्तो पाठक पुस्तकमैं धाउने परम्परा बिस्तारै हराउँदैछ। यद्यपि पढ्ने र पढाउने संस्कार भने उर्वर हुँदै गएको उनी बताउँछन् । डिजिटल पाठक बढे पनि किताबको पाना समाएर सुगन्धसहित पढ्ने सुविधा डिजिटल किताबबाट नहुने उनको अनुभव छ। कोभिड महामारीको बेला ई–बूक शिक्षा सजिलो र सरल बन्नु स्वाभाविक हो । तर किताब नै पढेर चित्त बुझाउने पाठकको पनि कमी नभएको उनी बताउँछन्। एक त पढ्ने विद्यार्थी विदेशिएका छन् । कोभिडपछि खस्किएको किताब व्यापार अझै पनि उस्किन नसकेको उनी बताउँछन्।

सन् १९९० देखि अहिलेसम्म सरकारले पुस्तकमा भन्सार लगाउन पटकपटक प्रयास गरेको छ। यसले गर्दा डर र त्रास सिर्जना भइरहने उनी बताउँछन् । किताब जस्तो विषयलाई सरकारले प्रोत्साहन गर्नुपर्छ । ज्ञानको भण्डारमा सहजता ल्याउनुपर्छ भन्ने महर्जनको मान्तया छ । सरकाले नै पढ्ने संस्कृति सहज बनाउन नीति ल्याउनुपर्ने उनको बुझाइ छ। डिजिटल प्रभावले एकातिर पुस्तक प्रचार गर्न सजिलो भएको छ भने अर्कोतिर अनलाइन माध्यम अपनाएर व्यापार बढ्न थालेको छ। यद्यपि महर्जन असल पाठन संस्कृति पुस्तक नै किनेर पढ्न उपयुक्त हुने तर्क राख्छन् । किताब छुने बानी लागेका पाठकलाई डिजिटलले चित्त बुझ्दैन ।



**पिसाङ गाउँः** हिमालपारिको जिल्ला मनाङको मनाङ ङिस्याङ गाउँपालिका–१ स्थित पिसाङ गाउँ। सामुद्रिक सतहदेखि ३३ सय मिटरको उचाइमा अवस्थित पिसाङ विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्छ। तस्बिरः रामबहादुर थापा/रासस

## फरक समाचार

# ४० नाघेपछि यी क्यान्सरको खतरा

उमेर बढ्दै जाँदा पुरुषहरूलाई धेरै प्रकारका क्यान्सरको जोखिम हुन सक्छ। विशेषगरी ४० वर्ष पुगेपछि रोगको जोखिम लगातार बढ्न थाल्छ । यसमा क्यान्सरको घातक रोग पनि समावेश छ। यस्तो अवस्थामा पुरुषका लागि उमेर समूहमा कुन क्यान्सर बढी देखिन्छ, क्यान्सरबाट कसरी बच्न सकिन्छ र प्रारम्भिक पहिचानको महत्त्व के हो भन्ने कुरा जान्न निकै जरुरी छ ?

यी सबै प्रश्नको जवाफ भारतको सोनीपतको एन्ड्रोमेडा क्यान्सर अस्पतालमा रेडिएसन ओन्कोलोजीका अध्यक्ष डा दिनेश सिंहले दिएका छन्। ४० वर्षपछि पुरुषमा हुने क्यान्सरको वर्णन गर्दै चिकित्सकले क्यान्सरविरुद्ध लड्न नियमित चेकअप, स्वस्थ जीवनशैली र क्यान्सरका लक्षणबारे सचेत रहनुपर्ने सल्लाह दिएका छन्।




**प्रोस्टेट क्यान्सरः** ५० वर्ष नाघेका पुरुषहरूमा हुने सामान्य क्यान्सर प्रोस्टेट क्यान्सर हो। प्रोस्टेट ग्रन्थी एकमात्र अङ्ग हो, जहाँ यो पहिले देखिन्छ र सामान्यतया बिस्तारै बढ्छ, त्यसैले प्रारम्भिक पत्ता लगाउन आवश्यक छ। प्रोस्टेट क्यान्सरको जाँच प्रक्रियामा साधारणतया डिजिटल रेक्टर परीक्षा र प्रोस्टेट–विशिष्ट एन्टिजेनको लागि रक्तपरीक्षणको प्रयोग गरिन्छ । ४० वर्षभन्दा माथिका पुरुषहरूले यी परीक्षणहरूको फाइदा र बेफाइदाहरूका बारेमा आफ्ना चिकित्सकसँग कुरा गर्नुपर्छ, विशेषगरी यदि रोगको पारिवारिक इतिहास छ भने।

**फोक्सोको क्यान्सरः** फोक्सोको क्यान्सर विश्वव्यापीरूपमा क्यान्सर मृत्युको प्रमुख कारणहरूमध्ये एक हो । यद्यपि धूमपान मुख्य जोखिम कारक हो, केही रसायनहरूको जोखिम र धूमपान गर्नेहरूको वरिपरि रहँदा पनि धूमपान नगर्नेहरूमा फोक्सोको क्यान्सर हुन सक्छ। उच्च जोखिम भएका बिरामीहरूमा विशेषगरी दीर्घकालीन धूमपान गर्नेहरूमा चाँडै पहिचानको लागि लो–डोज सिटी स्क्यानको सल्लाह दिइन्छ। नियमित जाँच जरुरी छ किनभने प्रारम्भिक चरणको फोक्सोको क्यान्सरको उपचार हुन सक्छ।

**कोलोरेक्टल क्यान्सरः** ४० वर्षभन्दा बढी उमेरका पुरुषमा प्रायः कोलोरेक्टर क्यान्सर लाग्न सक्छ, जुन कोलन वा मलाशयलाई प्रभावित गर्छ । प्रायः यो क्यान्सर सुरुआतमा सौम्य पोलिप्सको रूपमा हुन्छ र पछि क्यान्सरमा बदलिन्छ। कोलोनोस्कोपी र अन्य नियमित जाँचद्वारा यी पोलिप्सलाई पत्ता लगाएर क्यान्सर बन्नुभन्दा पहिले नै निकाल्न सकिन्छ। यदि परिवारमा कोलोरेक्टर क्यान्सरको इतिहास छ भने पुरुषले ४५ को उमेर वा त्यसभन्दा पहिले नै पटकपटक जाँच शुरू गर्नुपर्छ।

**मूत्राशय क्यान्सरः** मूत्राशयको क्यान्सरले सामान्यतया ४० भन्दा माथिका मानिसहरूलाई असर गर्छ र महिलाहरूभन्दा पुरुषहरूमा बढी सामान्य हुन्छ । औद्योगिक रसायन र धूमपानको जोखिम कारकहरू हुन्। पिसाब गर्दा पीडा हुनु, बारम्बार पिसाब लाग्नु र पिसाबमा रगत आउनु यसका लक्षण हुन सक्छन्। सिस्टोस्कोपी र मूत्र परीक्षणले प्रारम्भिक पहिचानमा मदत गर्न सक्छ, त्यसैले पुरुषहरूले यी लक्षणहरू अनुभव गरेमा तुरुन्तै चिकित्सकसँग परामर्श गर्नुपर्छ।

**मेलानोमाः** मेलानोमा भनेर चिनिने एक गम्भीर प्रकारको छालाको क्यान्सर टेनिङ बेड र लामो समयसम्म घामको किरणसँग जोडिएको हुन्छ। ४० वर्षभन्दा माथिका पुरुषहरूले वर्षमा एकपटक छाला विशेषज्ञलाई देखाउनुपर्छ ताकि छालामा बदलावको जाँच होस्। छालामा नयाँ कोठीहरू देखिएमा जाँच गराउनुपर्छ। यो रोगको चाँडै पहिचान भएमा उपचार सम्भव छ।

# जागीर गुमाएका साथीलाई कसरी मदत गर्ने

कोभिड–१९ को महामारीपछि कम्पनीहरूमा कर्मचारीहरू निरन्तर कटौती भइरहेका छन्। जसका कारण धेरै मानिस डिप्रेशनको शिकार हुने गरेका छन्। पारिवारिक जिम्मेवारी र जागीरको अभावले मानिसलाई चिन्ताको अँध्यारोमा धकेल्छ । कतिपय अवस्थामा मानिसले आत्महत्या गर्ने निर्णय पनि गर्छन्।



यस्तो अवस्थामा जीवनसाथीको साथ हुनु निकै महत्त्वपूर्ण हुन्छ । यदि तपाईंको जीवनसाथीले पनि अचानक आफ्नो जागीर गुमाएको छ भने उसले सामना गर्न सक्ने समस्याको बारेमा चिन्ता गर्नुको सट्टा यी छ तरीकाबाट उसको साहस बढाउने प्रयास गर्न सकिन्छ।

**कुरा सुन्नुस्:** जीवनसाथीलाई भन्नुस् यस अवस्थामा तपाईं उनको साथ हुनुहुन्छ। उसलाई आफ्नो भावना व्यक्त गर्न दिनुहोस्, चाहे त्यो रिस, निराशा वा उदासी नै किन नहोस् । उसको कुरा सुन्नुस्, समर्थन गर्नुस्, सुझाव नदिनुस्।

**योजनाः** डराउनुको सट्टा शान्त रहनुहोस् र भविष्यको लागि योजना बनाउनुहोस्। आफ्नो जीवनसाथीलाई सोध्नुहोस् के गर्न चाहन्छ । उसकोलक्ष्यहरू बुझ्नुस् र प्राप्त गर्न मदत गर्नुहोस्।

**आर्थिक सहयोगः** आर्थिक तनाव जागीर गुमाउनुको प्रमुख परिणाम हो। यस्तो अवस्थामा यदि तपाई काम गर्दै हुनुहुन्छ भने जीवनसाथीलाई आर्थिकरूपमा समर्थन गर्नुहोस्। सँगै बजेट बनाउनुहोस् र खर्च घटाउने उपायहरू खोज्नुहोस्।

**सकारात्मकः** नयाँ कामको खोजी गर्दागर्दै निराश हुनु स्वाभाविक हो। यस्तो समयमा जीवनसाथीलाई प्रोत्साहन दिनुहोस्। हौसला बढाउनुस्। उसको ताकत र उपलब्धिबारे सम्झना गराउनुहोस्। सकारात्मक रहने प्रयास गर्नुहोस्।

**विश्वासः** जीवनसाथीमाथि भरोसा गर्नुस् र साथ मिलेर चुनौतीको सामना गर्न तयार हुनुहोस्। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## जुलियन असान्ज बेलायत जेलबाट रिहा –विकिलिक्स

वाशिङ्टन, ११ असार/एएफपी

जुलियन असान्ज अमेरिकी अधिकारीहरूसँग अपील सम्झौतामा पुगेपछि सोमवार



जुलियन असान्ज । तस्वीरः एजेन्सी

बेलायती जेलबाट रिहा भएको विकिलिक्सले जानकारी गराएको छ ।

यो सम्झौताले असान्जको लगभग १४ वर्षको कानूनी सङ्घर्षको अन्त्य भएको छ ।

"जुलियन असान्ज स्वतन्त्र हुनुभएको छ," विकिलिक्सले सामाजिक सञ्जाल एक्समार्फत जानकारी गरायो। असान्ज संयुक्त राज्य अमेरिकाको सैन्य गोप्यताहरू खुलासा गरेको मुद्दामा जारी सपुर्दगीबाट बच्न पाँच वर्षसम्म बेलायतमा हिरासतमा रहेका थिए ।

असान्ज स्थानीय समय अनुसार बुधवार बिहान अमेरिकी भूभागमा उपस्थित हुनेछन् ।

उनलाई बेलायतको जेलमा पाँच वर्ष र दुई महीना सेवा गरेको श्रेयसहित ६२ महीनाको जेलसजाय हुने अपेक्षा गरिएको छ । यसपश्चात् उनी आफ्नो देश अस्ट्रेलिया फर्कन सक्नेछन् ।

सन् २०१० देखि वेबसाइट विकिलिक्सको प्रमुखका रूपमा लाखौं गोप्य अमेरिकी कागजातहरू प्रकाशित गरेको आरोपमा वाशिङ्टनले ५२ वर्षका प्रकाशकलाई खोजिरहेको थियो ।

अमेरिकाले असान्जलाई इराक र अफगानिस्तानमा भएका युद्धको बारेमा सैन्य गोप्यताहरू खुलासा गरेको आरोपमा मुद्दा चलाउन खोजेको हो ।

असान्जलाई सन् २०१९ मा अमेरिकी सङ्घीय ग्रान्ड ज्युरीले विकिलिक्सले राष्ट्रिय सुरक्षा कागजातको प्रकाशनबाट उत्पन्न भएको १८ वटा अभियोगमा दोषी ठहर गरेको थियो ।

असान्जको परिवारले उनको स्वतन्त्रताका लागि गहिरो कृतज्ञता व्यक्त गरेका छन् । उनकी पत्नी स्टेलाले अभियानकर्ताहरूलाई धन्यवाद दिंदै सामाजिक सञ्जाल एक्समा "शब्दहरूले हाम्रो अपार कृतज्ञता व्यक्त गर्न सक्दिनँ" भनी लेखेकी छन् ।

असान्ज संयुक्त राज्य अमेरिकामा सपुर्दगी गर्ने निर्णयलाई अनुमोदन गर्ने फैसलालाई अपील गर्न बेलायतको अदालतमा उपस्थित हुनु दुई हप्ता अघि सम्झौताको घोषणा भएको हो ।

असान्ज सन् २०१९ को अप्रिलदेखि लन्डनको उच्च सुरक्षा रहेको बेलमार्श जेलमा थिए ।

उनले सन् २००७ मा इराकमा अमेरिकी हेलिकप्टरबाट गोली हानेर सर्वसाधारण मारिएको भिडियो प्रसारण गरेका थिए। संयुक्त राज्य अमेरिकाले असान्जलाई सन् १९१७ को जासुसी ऐन अन्तर्गत आरोप लगाएको हो ।

बेलायती सरकारले जून २०२२ मा अमेरिकी सपुर्दगीलाई स्वीकृति दिएको हो ।

उनले संयुक्त राज्य अमेरिकामा आफ्नो सपुर्दगीविरुद्ध अपील गर्न सक्ने दुईजना बेलायती न्यायाधीशले बताएका थिए ।

अमेरिकामा मुद्दा चलिरहेको विदेशीको रूपमा उनले अमेरिकी अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्राप्त गर्न सक्ने वा नसक्ने प्रश्नलाई सम्बोधन गर्न अपील गरिएको थियो ।

राष्ट्रपति जो बाइडेनलाई असान्जविरुद्ध लामो समयदेखि चलिरहेको मुद्दा खारेज गर्ने बढ्दो दबाबका बीच भएको यो अनुरोध सम्झौता पूर्णरूपमा अप्रत्याशित थिएन ।

**असान्ज नजरबन्द मुक्तिको राष्ट्रसङ्घद्वारा स्वागत**

संयुक्त राष्ट्रसङ्घले मङ्गलवार विकिलिक्सका संस्थापक जुलियन असान्जको बेलायतमा नजरबन्दबाट रिहाइलाई "यस मुद्दालाई निश्चितरूपमा समाधान गर्ने महत्त्वपूर्ण कदम" भनी प्रशंसा गरेको छ ।

असान्जले संयुक्त राज्यका अधिकारीहरूसँग निवेदन सम्झौतामा पुगेपछि अन्तिम अदालतको सुनुवाइको सामना गर्न तयार थिए, नजरबन्द मुक्तिले उनको वर्षौं लामो कारावास जीवनको अन्त्य भएको छ ।

बेलायतमा नजरबन्दबाट जुलियन असान्जको रिहाइलाई स्वागत गरेको बताउँदै संयुक्त राष्ट्रसङ्घको अधिकार कार्यालयकी प्रवक्ता लिज थ्रोसेलले अन्तिम निवेदन सम्झौता अझै स्वीकृतिको प्रतीक्षामा रहेको जनाएकी छन् ।

आफूहरूले बारम्बार यो विषय उल्लेख गरिसकेको जनाउँदै उनले यो मुद्दाले लामो समयदेखि मानव अधिकारको चिन्ताको शृङ्खला खडा गरेको बताइन् । रासस

## जलवायु परिवर्तनका कारण जङ्गलहरूमा आगलागी बढ्दै

पेरिस, ११ असार/एएफपी

विश्वभर अधिकतम गर्मी मापन भएसँगै जलवायु परिवर्तनले निम्त्याएको जङ्गली आगलागीको बढ्दो उग्रताका लागि संसार तयार नरहेको वैज्ञानिकहरू बताएका छन् ।

यस मौसमको शुरूमा टर्की, क्यानडा, ग्रीस र संयुक्त राज्य अमेरिकाको जङ्गलका धेरै भागमा आगलागी भइसकेको छ ।

हालैका वर्षहरूमा अगलागी नियन्त्रणका लागि अतिरिक्त स्रोतहरू प्रयोगमा ल्याइए पनि योजना र तयारी पर्याप्त नभएको विज्ञहरूले बताएका छन्।

मौसमी अवस्थासहित धेरै कारकहरूको अध्ययन अनुसार आगलागीको परिणाम कति नराम्रो हुन्छ भनेर भविष्यवाणी गर्नु वा कहाँ र कहिले विपद् निम्तिन्छ भनी अकलन गर्नु चुनौतीपूर्ण हुन सक्छ ।

तर समग्रमा जङ्गलमा आगलागी ठूलो हुँदै गइरहेको छ र अझ गम्भीररूपमा बढिरहेको छ। यस्तो चरम घटनाहरूको आवृत्ति र तीव्रताको जाँच गर्ने लेखक डोएरले भने ।

जूनमा प्रकाशित एउटा छुट्टै अध्ययनका अनुसार चरम जङ्गली आगोको आवृत्ति र परिमाण विगत २० वर्षमा दोब्बर भएको देखिन्छ ।

संयुक्त राष्ट्र पर्यावरण कार्यक्रमको सन् २०२२ को प्रतिवेदन अनुसार शताब्दीको अन्त्यसम्ममा विश्वभर चरम जङ्गली आगोको सङ्ख्या ५० प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

डोएरले मानव समुदायले अहिलेसम्म यो वास्तविकताको सामना नगरेको बताए ।

"हामी अहिले सामना गरिरहेका अवस्थाका लागि स्पष्टरूपमा तयार छैनौं। भूमि प्रयोग र आवास विकास जस्ता अन्य कारकहरूले यस अवस्थाका लागि ठूलो भूमिका खेल्ने भए तापनि जलवायु परिवर्तन एक प्रमुख चालक हो," उनले भने । रासस

## आक्रमणको बदला लिने रूसको चेतावनी

मस्को, ११ असार/एएनआई

रूसले बढ्दो तनावका बीच संयुक्त राज्य अमेरिकालाई क्रिमियामा असभ्य आक्रमणमा संलग्न रहेको आरोप लगाएको छ ।

रूसी रक्षा मन्त्रालयका अनुसार रूसी कब्जामा रहेको क्रिमियन प्रायद्वीपमा भएको आक्रमणमा अमेरिकाले आपूर्ति गरेका पाँचवटा आर्मी ट्याक्टिकल मिसाइल सिस्टम (एटिएसिएमएस) मिसाइलहरू सामेल थिए ।

मन्त्रालयले चारवटा क्षेप्यास्त्र रोकिएको र पाँचौं हावामा विस्फोट भएको बताएको छ । उक्त घटनामा बालबालिकासहित धेरै घाइते भएको अल जजीराले जनाएको छ ।

रूसी विदेश मन्त्रालयले सोमवार अमेरिकी राजदूत लिन ट्रेसीलाई बोलाएर उक्त घटनालाई वाशिङ्टनले भड्काएको 'प्रोक्सी वार' भन्दै निन्दा गरेको छ र जवाफमा जवाबी कारबाई गर्ने वाचा गरेको छ ।

फेब्रुअरी २०२२ मा रूसले युक्रेनमा आक्रमण गरेदेखि मस्कोले द्वन्द्वलाई पश्चिमी समर्थित युद्धको रूपमा लिएको छ। अमेरिकी विदेश विभागका प्रवक्ता म्याथ्यु मिलरले पत्रकारहरूलाई सम्बोधन गर्दै अमेरिकाले युक्रेनको सार्वभौमसत्ताको रक्षा गर्न हतियार आपूर्ति गरेको बताए।

राजदूत ट्रेसीले हालैको घटनाबाट कुनै पनि नागरिक हताहत भएकोमा खेद व्यक्त गरेकी छन् ।

क्रेमलिनले युक्रेनलाई रूसी क्षेत्रभित्रका लक्ष्यहरूविरुद्ध आपूर्ति गरिएका हतियारहरू तैनाथ गर्न अनुमति दिने अमेरिकी निर्णयको कडा आलोचना गर्नुका साथै सम्भावित प्रतिक्रियाको चेतावनी दिएको छ ।

मस्कोले अमेरिकी विशेषज्ञहरूले अमेरिकी जासुसी उपग्रहहरूबाट प्राप्त डाटा प्रयोग गरेर क्षेप्यास्त्र आक्रमणमा समन्वय गरेको आरोप लगाएको छ। "वाशिङ्टनको यस्ता कार्यहरू प्रतिक्रियाविना छोडिनेछैन," रूसको विदेश मन्त्रालयले सोमवार जारी गरेको एक विज्ञप्तिमा भनिएको छ ।

रूसी अधिकारीहरूले युक्रेन द्वन्द्व खतरनाक चरणमा प्रवेश गरेको बताएका छन् ।

सन् २०१४ मा रूसले कब्जा गरेको तर अन्तर्राष्ट्रियरूपमा युक्रेनी क्षेत्रको रूपमा मान्यताप्राप्त क्रिमियामा घातक द्वन्द्वमा उल्लेखनीय वृद्धि भइरहेको छ । रासस


**भासिएको सडकले जोखिमः** वीरगंज महानगरपालिका–११ स्थित रानीघाट पुलनजीकै भासिएको सडक । यो सडकखण्ड गत कात्तिक महीनामा भासिएको हो । सम्बन्धित निकायले सडक भासिएको नौ महीना पुग्दासमेत मर्मतसम्भारको काम अगाडि नबढाउँदा सर्वसाधारणहरू जोखिममा परेका छन् । तस्बिरः हिमाल लम्साल/रासस

## अन्तर्राष्ट्रिय 'मैथिली फिल्म फेस्टिभल' शुरू

जनकपुर,११ असार/रासस

जनकपुरधाममा मङ्गलवारबाट 'अन्तर्राष्ट्रिय मैथिली फिल्म फेस्टिभल' शुरू भएको छ। मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले फेस्टिभलको उद्घाटन गरे ।

मुख्यमन्त्री सिंहले मैथिली भाषा, साहित्य तथा संस्कृतिको विकासमा 'फिल्म फेस्टिभल'ले ठूलो मदत पुग्ने विश्वास व्यक्त गरे। उनले मैथिली भाषामा राम्रा चलचित्र निर्माण हुनु गौरवको विषय भएको बताए ।

वरिष्ठ कलाकार नीर शाहले मैथिली भाषाको अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलले विविधताबीचको एकतालाई मजबूत बनाउनुका साथै राष्ट्रिय एकतालाई बलियो बनाउने विचार व्यक्त गरे ।

'फेस्टिभल'को औपचारिक उद्घाटन कार्यक्रमको अध्यक्षता लोकसञ्चारका अध्यक्ष रमेशरञ्जन झाले गरेका थिए ।

कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाकी उपप्रमुख किशोरी साह, गायक सुनील मल्लिक, अभियानी विभा झालगायतका वक्ताहरूले मैथिली भाषाको 'अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल'ले भाषा, संस्कृति तथा कलाको संरक्षणमा मदत पुग्ने बताए ।

फेस्टिभलमा मिथिलाञ्चल क्षेत्रका प्रसिद्ध कलाकार, लेखक, गायक तथा निर्देशक सहभागी छन् । दुई दिनसम्म चल्ने फिल्म फेस्टिभल सङ्घीयता कार्यान्वयन भएपछि पहिलोपटक आयोजना गरिएको हो ।

जनकपुरधाम उपमहानगरपालिका तथा लोकसञ्चारको संयुक्त आयोजनामा जनकपुरधामको गिरिजा चलचित्र मन्दिरमा शुरू भएको फेस्टिभलमा ललका पाग, लोटस ब्लुम्स, समानान्तर गरेर तीनवटा फिचर फिल्मको प्रदर्शन हुने कार्यक्रम छ ।

यसैगरी, वृत्तचित्र गुमकी र विद्यापत तथा लघु फिल्म रक्त तिलक, अफवाह प्रदर्शन हुने आयोजक लोकसञ्चार संस्थाका अध्यक्ष झाले जानकारी दिए ।

अन्तर्राष्ट्रिय मैथिली फिल्म फेस्टिभलको क्रममा मैथिली सिनेमाको निर्माण र व्यवसाय तथा समकालीन परिदृश्यमा मैथिली सिनेमालगायतका विषयमा विमर्श गरिने आयोजकले जनाएको छ ।

## नेप्से परिसूचक पाँच दशमलव ६० अङ्कले बढ्यो

काठमाडौं, ११ असार/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ। मङ्गलवार नेप्से परिसूचक पाँच दशमलव ६० अङ्कले बढेर दुई हजार ७१ दशमलव ७७ को बिन्दुमा कायम भएको हो ।

आज ३१९ कम्पनीका ९४ लाख ३५ हजार ४५४ कित्ता शेयर ६० हजार ८५८ पटक खरीद–बिक्री हुँदा रु चार अर्ब १८ करोड ७७ लाख ९६ हजार ८३३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आज बैंकिङ समूह शून्य दशमलव ४६, वित्त समूह दुई दशमलव १५, निर्जीवन बीमा शून्य दशमलव २२, व्यापार शून्य दशमलव १८ र अन्य समूह शून्य दशमलव ०१ प्रतिशतले घटेका छन् भने अरू सबै समूहको उपसूचक बढेका छन् । विकास बैंक समूह शून्य दशमलव ३२, होटल तथा पर्यटन एक दशमलव १२, जलविद्युत् एक दशमलव १८, लगानी एक दशमलव ७०, जीवन बीमा शून्य दशमलव ५५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३९, लघुवित्त शून्य दशमलव ३४ र लघुवित्त शून्य दशमलव ४२ प्रतिशतले बढेका छन् ।

ग्लोबल आइएमई बैंक डिबेन्चर २०८४/८५ को शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ। कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याको आधारमा सबैभन्दा धेरै रु १४ करोड ८३ लाख आठ हजार १६ बराबरको दुई लाख २४ हजार ९९२ बराबरको शेयर कारोबार भएको छ ।

### मोतिहारी ...

भर्ने स्टेशन निर्माण गर्दै आइरहेको छ ।

त्यसैगरी, इन्डियन आयल कर्पोरेशन लिमिटेडले पनि ६० करोड भारु खर्चिएर चार हजार एक सय किलोलिटर क्षमताको टङ्की, २५० किलोलिटर क्षमताका दुईवटा ट्रान्समिक्स टङ्की, तीन हजार किलोलिटर क्षमताका दुईवटा फायरवाटर टङ्की निर्माण गर्दै आइरहेको छ ।

सन् २०१५ मा पाइपलाइन विस्तारका लागि पहिलो र दोस्रो चरणमा गरेर कुल दुई अर्ब ७५ करोड भारु लाग्ने अनुमान गरिएको थियो । सो योजना अनुसार पहिलो चरणमा भारतीय पक्षले दुई अर्ब भारु र दोस्रो चरणमा नेपालको तर्फबाट ७५ करोड भारु खर्च गर्ने योजना बनाइएको थियो ।

पहिलो चरणको पूर्वाधार निर्माण योजनामा भारतको तर्फबाट दुई अर्ब भारु खर्च भएपनि दोस्रो चरणको काम तत्कालै शुरू हुन सकेन। जसका कारण पनि दोस्रो चरणको पाइपलाइन विस्तारको लागत बढेर भारु एक अर्ब ५४ करोड पुगेको छ।

निगमका अनुसार पम्पहाउस, अत्याधुनिक प्रयोगशाला, फायरफाइटिङ सिस्टमको स्तरोन्नति, ओइलवाटर स्प्रेटर, पिएमसिसी रूमलगायत पूर्वाधार निर्माण हुँदै आइरहेको छ । दुवै पक्षले अहिले विभिन्न पूर्वाधार निर्माण गर्दै आइरहेका छन्। पहिलो चरणको काम सम्पन्न भई विसं २०७६ भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको छ ।

### १३ करोडभन्दा ....

वर्षीय नरेन्द्र बज्राचार्य, ५१ वर्षीय राजु महर्जन, ललितपुरका ६२ वर्षीय राजेशकृष्ण श्रेष्ठ, पाल्पाका ५३ वर्षीय निरन्जनकुमार श्रेष्ठ र कास्कीका ५९ वर्षीय चिरञ्जीवी पौडेल रहेको प्रहरीको भनाइ छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले कलक्ती डेभलपर्स र मिला ल्याण्ड डेभलपमेन्ट प्रालिमार्फत कलक्ती ट्रेड सेन्टर निर्माण गरी व्यापारिक सटर हस्तान्तरण गर्ने भनी ठगी गरेकाले उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

पक्राउ परेका ६ जनालाई जिल्ला अदालत काठमाडौंबाट तीन दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता अधिकारीले बताउनुभयो ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | सफलता |
| मिथुन | राज्यभय | कर्कट | वादविवाद |
| सिंह | यात्रालाभ | कन्या | शत्रुभय |
| तुला | कार्यनाश | वृश्चिक | उदरपीडा |
| धनु | विजय | मकर | धनखति |
| कुम्भ | भाग्योदय | मीन | बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



ठोरी गाउँपालिका-२ मा स्थानीयले खरको छाना छाएर फुसको छाप्रो बनाउँदै। तस्वीरः ओमप्रकाश चौधरी

# लागूऔषध ओसारपोसारविरुद्ध विद्यार्थीलाई सचेतना

प्रस, वीरगंज, ११ असार/

सामुदायिक सेवा केन्द्र मुर्लीको आयोजनामा वीरगंज-१२ ब्रह्मचोकस्थित सुरजीदेवी माविमा अध्ययनरत विद्यार्थीहरूलाई लागूऔषध ओसारपोसारबारे सचेतना कार्यक्रममार्फत जानकारी गराइएको छ।



तस्वीरः प्रतीक

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी नायब निरीक्षक स्प्रली देवकोटाले कक्षा ९ र १० का विद्यार्थीहरूलाई लागूऔषध तथा ओसारपोसारविरुद्ध प्रशिक्षण दिएका थिए।

उनले विद्यार्थीहरू लागूऔषधको कुलतमा सजिलै लाग्ने हुँदा यस सम्बन्धमा सचेत हुनुपर्ने बताए। विद्यार्थीहरूलाई लक्षित गरेर लागूऔषध विक्रेताहरूले काम गरिरहेका हुँदा उनीहरूको बारेमा सूचना दिएर प्रहरीलाई सहयोग गर्न आग्रह गरे। विद्यार्थीहरूको सूचनाबाट लागूऔषध नियन्त्रणमा प्रभावकारी कदम चाल्न सकिने हुँदा प्रहरीलाई सूचना दिएर सहयोग गर्न उनले आग्रह गरे।

केन्द्रका सचिव कुलनारायण प्रधानको अध्यक्षतामा भएको कार्यक्रममा प्रअ रामनारायण मिश्र, प्रहरी हवलदार सुभाषप्रसाद यादव, प्रहरी सहायक हवलदार लालुमाया महतो, शिक्षकशिक्षिका, प्रहरी, कर्मचारीहरूको सहभागिता थियो।


## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं।
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔ।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कृषकलाई सामग्री वितरण

प्रस, सिम्रौनगढ, ११ असार/

सिम्रौनगढ नगरपालिका-६ स्थित साना किसान कृषि सहकारी संस्थाले मङ्गलवार कृषकहरूलाई स्प्रे टङ्की मेशीन वितरण गरेको छ।

कृषि ज्ञान केन्द्र, कलैयाका प्रमुख राजनारायण साहको प्रमुख आतिथ्य र कृषि सहकारीका व्यवस्थापक दिलीपकुमार कर्णको अध्यक्षतामा भएको कार्यक्रममा संस्थामा आबद्ध विभिन्न अन्तरसमूहका सदस्यहरूलाई ११६ थान स्प्रे टङ्की मेशीन, १६ थान सिंचाइ मोटर, विषादी र सूक्ष्म तत्त्व वितरण गरिएको थियो। कार्यक्रममा वडाध्यक्ष नन्दकिशोरप्रसाद जयसवाल, सहकारीकी ललितादेवी दासलगायतको सहभागिता थियो।

### यी पालिकाहरुबाट ...

नगरपालिका, जीराभवानी, पटेर्वासुगौली र ठोरी गाउँपालिका गरी पाँचवटा पालिकामा समेत राष्ट्रिय परिचयपत्र बनाउने टोली खटाइसकेकाले सम्बन्धित पालिकाबाट पनि राष्ट्रिय परिचयपत्र बनाउन सर्वसाधारणलाई अपील गरिएको छ।

जिप्रका, पर्साले मङ्गलवार जारी गरेको सूचना अनुसार यी पालिकाबाट पनि राष्ट्रिय परिचयपत्र बनाउने काम भइरहेकाले सोहीबमोजिम गर्न जानकारी गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उत्तमकुमार घिमिरेले बताए। उनले बालबालिका (१६ वर्षमुनि), आफ्नो हेरचाह गर्न नसक्ने शारीरिकरूपमा अशक्त एवं ९० वर्षमाथिका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउन राष्ट्रिय परिचयपत्र आवश्यक नपर्नेसमेत बताएका छन्।

अधिकांशले भत्ता पाउन राष्ट्रिय परिचयपत्र आवश्यक भएको भन्दै जिल्ला प्रशासन कार्यालय, पर्सामा अनावश्यक भीडभाड बढेको छ। पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालका अनुसार हाल विदेश जाने र ज्येष्ठ नागरिकलाई प्राथमकितामा राखेर असार मसान्तसम्म राष्ट्रिय परिचयपत्र बनाउने कार्य भइरहेको बताएका छन्।




Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## तेक्वान्दोमा नेपाललाई सात पदक

काठमाडौं, ११ असार/रासस

नेपालले सातौं एशिया कप खुला अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा पाँच स्वर्ण, एक रजत र एक कांस्यसहित सातवटा पदक जितेको छ।

भारतको गोवामा सम्पन्न प्रतियोगितामा सात खेलाडी सहभागी भएकामा सबैले पदक जितेको राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले जनाएको छ। नेपाली टोलीले ग्योरोगीमा छ र पुम्सेमा एक गरी सातवटा पदक जितेको हो।

पुरुष सिनियर ८० किलोमुनि रञ्जीत डङ्गौरा, ६८ किलोमुनि कुमार लवत र ५८ किलोमुनि प्रवीणजङ्ग खड्काले स्वर्ण पदक जितेका थिए। पुरुष जुनियरको २३ किलोमुनि संयोग खड्का तथा क्याडेट महिलाको ३३ किलोमुनि सुसन्ध्या खड्काले स्वर्ण पदक हात पारेका थिए।

जुनियर पुरुष ३२ किलोमुनि रघुनाथ भण्डारीले रजत तथा यू-१२ एकल पुम्सेमा आभास देवले कांस्य पदक प्राप्त गरे। नेपाली टोलीको प्रशिक्षकमा दीपेश जोशी र टोली व्यवस्थापकमा सरीता थापा रहेका छन्।

## विश्वकप क्रिकेट- अफगानिस्तान सेमिफाइनलमा

काठमाडौं, ११ असार/रासस

अफगानिस्तान आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। वेस्ट इन्डिजको सेन्ट भिन्सेन्टको किङ्सटाउन मैदानमा मङ्गलवार भएको खेलमा बङ्गलादेशलाई डकवर्थ एन्ड लुइस (डिएलएस) पद्धतिका आधारमा आठ रनले पराजित गर्दै अफगानिस्तान सेमिफाइनलमा पुगेको हो।



यस खेलसँगै प्रतियोगिताको सेमिफाइनलमा पुग्ने टोलीको समीकरण पूरा भएको छ। सुपर आठको पहिलो समूहबाट भारत शीर्ष र अफगानिस्तान दोस्रो स्थानमा रहँदै सेमिफाइनल पुगेका छन् भने दोस्रो समूहबाट दक्षिण अफ्रिका शीर्ष र इङ्ल्यान्ड दोस्रो हुँदै सेमिफाइनलमा पुगेका छन्।

आजको खेलमा अफगानिस्तानले दिएको ११६ रनको लक्ष्य पछ्याएको बङ्गलादेश १७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १०५ रनमा समेटियो। बङ्गलादेशका ओपनर लिटन दासले ५४, तौहिद हृदोयले १४ र सौम्य सरकारले १० रन बनाए।

अफगानिस्तानका लागि कप्तान राशिद खान र नवीन उल हकले समान चार/चार विकेट लिए भने फजलहक फारुकी र गुलबद्दीन नाबीले समान एक/एक विकेट लिए।

टस जितेर पहिले ब्याटिङ गरेको अफगानिस्तानले पाँच विकेटको क्षतिमा ११५ रन बनाएको थियो। अफगानिस्तानका लागि ओपनर रहमानुल्लाह गुर्बाजले सर्वाधिक ४३ रनको योगदान दिए भने कप्तान राशिद खानले १९ रन जोडे। त्यसैगरी, इब्राहिम जद्रानले १८, अजमतुल्लाह उमरजईले १० तथा करिम जन्नतले सात रन बनाए।

बङ्गलादेशका लागि रिशाद हुसैनले तीन विकेट लिंदा तस्किन अहमद र मुस्ताफिर रहमानले समान एक/एक विकेट लिए।

सेमिफाइनलको पहिलो खेल यही असार १३ गते अफगानिस्तान र दक्षिण अफ्रिकाबीच नेपाली समय अनुसार बिहान ६:१५ बजे हुनेछ भने दोस्रो खेल सोही दिन राति ८:१५ बजे भारत र इङ्ल्यान्डबीच हुनेछ आइसिसीले जनाएको छ।

## आइसिसी टी-२० विश्वकपः भारतद्वारा अस्ट्रेलिया पराजित

काठमाडौं, ११ असार/रासस

आइसिसी टी-२० विश्वकप क्रिकेट अन्तर्गत सुपर आठको खेलमा भारतद्वारा अस्ट्रेलिया पराजित भएको छ। ग्रोस आइस्लेटमा गएराति सम्पन्न खेलमा भारतले अस्ट्रेलियालाई २४ रनले पराजित गरेको हो। यससँगै अस्ट्रेलियाको सेमिफाइनल पुग्ने आशा तुहिएको छ। यस समूहबाट छ अङ्कसहित भारत शीर्ष स्थानमा रहेर सेमिफाइनल पुगिसकेको छ। भारतले फाइनल प्रवेशको लागि इङ्ल्यान्डसँग खेल्नेछ।



भारतले दिएको २०६ रनको लक्ष्य पछ्याएको अस्ट्रेलियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १८१ रन मात्र बनाउन सक्यो।

अस्ट्रेलियाका ओपनर ट्राभिस हेडले सर्वाधिक ७६ रन बनाए। ४३ बल खेलेका उनले नौ चौका र चार छक्का प्रहार गरे। त्यस्तै, कप्तान मिचेल मार्सले ३७, ग्लेन म्याक्सेवलले २० र टीम डेभिडले १५ रन बनाए। कमिन्सले ११ रन बनाउँदा मिचेल स्टार्क चार रनमा अविजित रहे।

भारतका अर्शदीप सिंहले तीन विकेट लिए बने कुलदीप यादवले दुई विकेट लिए। त्यस्तै, जसप्रीत बुमराह र अक्षर पटेलले समान एक/एक विकेट लिए। त्यस अघि टस हारेर पहिला ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै २०५ रनको योगफल बनाएको थियो।

भारतका कप्तान रोहित शर्माले सर्वाधिक ९२ रन बनाए। ४१ बल खेलेका उनले सात चौका र आठ छक्का प्रहार गरे। त्यस्तै, सूर्यकुमार यादवले ३१, शिवम दुबेले २८, हार्दिक पाण्ड्याले २७, ऋषभ पन्तले १५ र रवीन्द्र जडेजाले नौ रन जोडे। अस्ट्रेलियाका मिचेल स्टार्क र मार्कस स्टोइनिसले समान दुई/दुई विकेट लिए।

# हत्या अभियोगमा सातजना पक्राउ

प्रस, परवानीपुर, ११ असार/

कलैयास्थित रामराजा बहुमुखी क्याम्पसका प्रमुख हरिभूषणप्रसाद कुशवाहाको हत्या अभियोगमा सातजना पक्राउ परेका छन्। बारा प्रहरीले प्रेस विज्ञप्ति जारी गर्दै सो घटनामा सातजना पक्राउ परेका र तिनीहरूमाथि कर्तव्य ज्यान तथा हातहतियार खरखजाना मुद्दामा छ दिन म्याद थप भएको जनाएको छ। बारा, आदर्शकोतवाल गापा-२ खजुरिया बस्ने ५० वर्षीय कुशवाहाको हत्या अभियोगमा सोही गाउँका पाँचजना र अन्य दुईजना गरी सातजना पुरुष अभियुक्त प्रारम्भिक अनुसन्धानबाट पक्राउ परेका बारा प्रहरीले जनाएको छ।

पक्राउ पर्नेहरूमा खजुरियाका ३२ वर्षीय अवधप्रसाद कुशवाहा, २९ वर्षीय चादसीप्रसाद कुशवाहा, २७ वर्षीय चुलाही भन्ने श्रवणकुमार साह, ३४ वर्षीय राधेशकुमार पटेल, ५४ वर्षीय विनोद कुर्मी रहेका छन्। त्यसैगरी, कलैया उमनपा-१० मटिअर्वाका ५० वर्षीय अम्रपाली भन्ने ब्रह्मदेव राम र करैयामाई गापा-७ पिपरा बस्ने मोतीलाल चौधरी रहेको बारा प्रहरीका प्रवक्ता प्रनाउ दधिराम न्यौपोनेले बताए।

गत जेठ ३२ गते साँझ सवा ५ बजे क्याम्पस प्रमुख कुशवाहा घरबाट कलैया आउने क्रममा आदर्शकोतवाल गापा-३ बतरा गाउँको ग्राभेल सडकमा अज्ञात समूहले गोली हान्दा उनी गम्भीर घाइते भएका थिए। थप उपचारको लागि वीरगंज ल्याउने क्रममा कुशवाहाको बाटोमैं मृत्यु भएको थियो।

यस अघि यस घटनामा बारा प्रहरीले प्रभावकारी अनुसन्धान प्रक्रिया अघि नबढाएको भनी चौतर्फी आलोचना भइरहेको छ भने घटनाको भोलिपल्टदेखि नै पीडित परिवारजनले जिल्ला प्रहरी कार्यालय, बाराअगाडि प्रदर्शनसमेत गरेका थिए।